Charity Register Number
1150097, England & Wales

# सलि ट

(Sali Ta (The Orchid)

[सुनाखरी]

अंक ४, २०२३

मुप्री ल्हो

तमु समाज युकेले लण्डनबाट मुप्री ल्होछार २०२३ को अवसरमा प्रकाशित स्मारिका



## सामाजिक एकता, परोपकार र संस्कृति संरक्षणमा तमु समाज युकेको निरन्तर १६ वर्ष






NEPALESE
CENTRE
BUTCHER & GROCERY
Chicken Breast 500g
Goat Meat Mixed
Millet whole 5kg
NEPALESE CENTRE BUTCHER & GROCERY
CATEGORIES
INSTANT NOODLES
Pre cooked instant n
SHOP NOW
Sahara Wholesale
Authentic
Nepalese Grocery
EXPLORE ITEMS
Free
delivery
on orders above
£60
Sahara
WHOLESALE LIMITED
Authentic Nepalese Grocery
from Sahara Wholesale available
020 8573 9076
73 Station Rd, Hayes, UB3 4BG
ginesh@nepalesecentre.co.uk
www.nepalesecentre.co.uk
ORDER NOW




तमु समाज युकेद्वारा
तमु ल्होछारको अवसरमा प्रकाशित
**सलि ट (सुनाखरी)**
को चौंथो अंक

**Advisor**
Shiva Kumar Gurung

**Chief Editor/Coordinator**
Lekh Gurung

**Editors**
Chitra Bahadur Gurung
Shiva Chandra Gurung
Narayan Singh Gurung
Niraj Gurung

**Photography**
Omkar Gurung

**Design / Press**
All Media Solution, KTM, Nepal

**Publishers**

**Tamu Samaj UK**
Nepalese Community Centre
660 Harrow Road, Barham Park
Wembley HA0 2HB
www.tamusamajuk.com

# अविराम यात्रामा तमु समाज युके



तमुहरूको महान पर्व तमु ल्होछार सबै तमुहरूको मन-मनमा हर्ष एवं उमंगका साथ विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि भित्रिएको छ। यस सुखद अवसरमा तमु समाज युके हरेक तीन वर्षमा जस्तै यस वर्ष पनि सलि ट (सुनाखरी) स्मारिका ( चौथो अंक) प्रकाशन गरी यहाँहरूको हात-हातमा पु्र्याउने काम भएको छ।

हरेक तीन वर्षको अन्तरालमा प्रकाशन गरिने यस स्मारिका प्रकाशनले तमुहरूको परम्परा, रीतिरिवाज, संस्कार संस्कृति, लगायत बितेका तीन वर्षमा बेलायतमा रहेर सामाजिक सेवामा गरेका कार्यहरू समाजका सदस्यहरूबीच स्वदेश तथा विदेशमा समेत प्रचार प्रसार गर्ने र भावी पिढीका लागि एउटा प्रेरणाको स्रोत होस् भन्ने अभिप्रयाले यो सलि 'ट' (सुनाखरी) पस्केका छौ। आशा छ, यस स्मारिकाले सम्पूर्ण पाठक वर्गको तिर्सना मेटाउने छ।

तमु समाज युकेले सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको यहाँहरूमा सर्वविदितै छ। यो संस्थाको सामाजिक जिम्मेवारी निर्वाह गरेकै कारण स्थानीय काउन्सीलले समेत समाजका लागि समाज घर प्राप्त गर्न सफल भएको छ भने आफ्नै समाज भवनसमेत खरिद गर्न सफल भइसकेको छ।

नेपालका विभिन्न संकट, पीडामा मल्हम लगाउने काम समाजले गरेको छ। त्यति मात्र नभएर सामाजिक र मानवीय सेवामा प्रेरित यस समाजले नेपालको छिमेकी देश पाकिस्तानका बाढीपीडित, युक्रेन लगायत धेरै ठाउँमा परोपकारी कार्यहरूमा सहकार्य र सहयोग गर्दै आइरहेको छ।

विगतमा संस्थाले धेरै महत्वपूर्ण कार्यहरू गरिसकेको छ। संस्कार, संस्कृति हाम्रो पहिचान जोगाउनु हाम्रो मुख्य कर्तव्य हो। त्यसैले बुद्ध जयन्ती मनाउने मात्र नभई नारीहरूको चाड तीज भव्य मनाउँदै आएको छ। बेलायतको अर्को ठूलो मेलाका रुपमा स्थापित रहेको नेपाली मेलामा सक्रिय सहभागिता जनाउँदै आएको छ। त्यस्तै, देउसीभैलो खेलेर समाजका लागि आर्थिक संकलन पनि गरिरहेको छ।

त्यसो त गोर्खाहरूको आन्दोलनमा उत्तिकै सक्रियता जनाउँदै आएको छ। गोर्खा सत्याग्रहलाई आर्थिक सहयोग गरेको छ भने तमु धी नेपालको भवन निर्माणमा सहयोग गरेको छ। निःशुल्क दन्त शिविर सञ्चालन गरेको तमु समाज युकेले विभिन्न संघसंस्था र समाजको परोपकारी रात्रीभोजमा सहभागी हुँदै सकेको मद्दत गर्दै पनि आएको छ।

त्यस्तै, समाजले जेष्ठ नागरिकका लागि अंग्रेजी भाषा कक्षा सञ्चालन गर्दै आएको छ भने भावी पुस्ता बालबालिकाका लागि नेपाली भाषा कक्षा सञ्चालन गर्दै आइरहेको छ। हरेक वर्ष लण्डन बरो ब्रेन्ट सिभिकमा रेमेम्बरेन्स डे सर्भिस परेडमा सहभागिता जनाउँदै आएको छ। हाम्रो मौलिक परम्परागत चाड ल्होछार पूजा गर्दै आएको छ। विदेशी भूमिमा रहेर पनि चाडवाडलाई महत्वका साथ दिनु पुस्तान्तरणका लागि महत्वपूर्ण काम भएको ठम्याइ छ।

बेलायतमा रहेका दुई ठूला तमु संस्थाहरूको मित्रवत सम्वन्धलाई थप प्रगाढ हुँदै गएको महसुस गरेको छु। तमु धीं युकेसँगको सम्बन्धलाई न्यानो, आत्मीय र हार्दिकतामा परिणत गर्ने काम वर्तमान कार्यसमितिबाट भएको छ। यो अनुकरणीय कार्य हो।

सामाजिक सेवाका लागि काम गर्दा धेरै चुनौती आउँछन्। चुनौतीको सामना गर्दै अवसर प्राप्त गर्न सकिने धेरै माध्यम पनि बनिरहेको हुन्छ समाज। त्यसैले यो सामाजिक अभियानमा समाजमा आवद्ध सदस्यहरूले जस्तोसुकै अवरोध हटाई सफलता हासिल गरेका छन्। संस्थाको आवश्यकता र औचित्यतालाई पुष्टि गर्दै गौरव गर्न लायक बनाइएका छन्।

अन्तमा, सलि ट (सुनाखरी) चौथो अंक प्रकाशन गर्ने कार्यमा सहयोग पु्र्याउने संघसंस्था लगायत लेखक, विज्ञापनदाता, प्रकाशन टीम धन्यवादका पात्र हुनुहुन्छ। तमुहरूको महान पर्व तमु ल्होछार (मुप्री ल्हो) २०८० को पावन अवसरमा सबै पाठकवर्ग, समाजका सदस्य लगायत देशविदेशका रहनुभएका सबैमा हार्दिक मंगलमय शुभकामना (अशिमलाँ) व्यक्त गर्दछौं।

जय तमु समाज युके

■ **लेख गुरुङ**
सम्पादक तथा संयोजक
**सलि 'ट'** (**सुनाखरी**)
चौथो अंक, तमु समाज युके

नेपाल
Nepal



राष्ट्रपति
The President

## शुभकामना

तमु समाज युकेले आफ्ना गतिविधि समेटेर सलि ट (सुनाखरी) नामक स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

बेलायतमा बसोबास गर्ने गुरुङ समुदायको संस्था तमु समाज युकेले त्यहाँ रहेका नेपालीहरूबीच आपसी मित्रता, भाइचारा र मेलमिलाप अभिवृद्धि गरी नेपाली कला, संस्कृति, रीतिरिवाजका साथै सामाजिक सेवामा पुऱ्याउँदै आएको योगदान सराहनीय छ । नेपालमा आइपर्ने प्राकृतिक विपत्तिका घटनामासमेत यस समाजले सदैव सहयोग गर्दै आएको र भविष्यमा पनि यस प्रकारको सहयोग कायम नै राख्ने मैले विश्वास लिएको छु ।

विदेशमा बसोबास गरेपनि नेपाली मौलिक रीतिरिवाज, परम्परा र संस्कृतिको रक्षा र त्यसको पुस्तान्तरणका लागि यस समाजले खेल्दै आएको भूमिका प्रशंसनीय छ । लामो समय विदेशमा रहँदा आर्जन गरेको ज्ञान, सीप, अनुभव र दक्षता नेपालको विकास र समृद्धिका निम्ति उपयोग गर्ने वातावरण सृजनाका लागि यो समाजले सशक्त भूमिका निर्वाह गर्ने मैले विश्वास लिएको छु । अन्त्यमा, स्मारिका प्रकाशनको सफलताको कामना गर्दछु ।

जय नेपाल !

मिति : २०८० मङसिर १६ गते

रामचन्द्र पौडेल

सलि ट
(सुनाखरी)

काठमाडौं, नेपाल

प्रधानमन्त्री



## शुभकामना

तमु समाज युकेले आफ्ना गतिविधिलाई समेटेर चौथो अङ्क स्मारिका **सलि ट (सुनाखरी)** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ।

बेलायतमा बसोबास गर्ने गुरूङ समुदायको साझा संस्था तमु समाज युकेले नेपाली कला, संस्कृति, रीति रिवाजका साथै सामाजिक सेवामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको मैले पाएको छु। नेपालमा आइपर्ने हरेक विपत्तिमा समेत तमु समाज युकेले खेलेको भूमिका प्रशंसनीय छ। बेलायतको भूमिमा बसोबास गरेपनि नेपाली रीति रिवाज, परम्परा र संस्कृतिको रक्षाका लागि पुस्तान्तरणको कार्यमा समाज निरन्तर लागिपर्नेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यस समाजले प्रकाशन गर्न लागेको **"सलि ट (सुनाखरी)"** स्मारिका सङ्ग्रहणीय, खोजमूलक र ज्ञानबर्धक दस्तावेज बन्न सकोस् भन्ने अपेक्षासहित स्मारिका प्रकाशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

२० मङ्सिर, २०८०

पुष्पकमल दाहाल 'प्रचण्ड'

# नेपाली राजदूतावास
# EMBASSY OF NEPAL, LONDON

AMBASSADOR

**शुभकामना सन्देश**

तमु समाज युकेले आफ्ना गतिविधिहरुलाई समेटेर चौथो बार्षिक स्मारिका "सलि ट (सुनाखरी)" को प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। बार्षिक मुखपत्र प्रकाशन गर्न लागेकोमा नेपाली राजदूतावास, लण्डन तथा मेरो तर्फबाट तमु समाज यु.के. लाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपाल सांस्कृतिक विविधतायुक्त देश हो। नेपालका यिनै विविध संस्कृतिहरुका बीच आफ्नो मौलिक भाषा संस्कृति, भेषभुषा, खानपान, परम्परा र रीतिरिवाजका कारण नेपाल तथा प्रवासमा रहेका तमु (गुरुङ) समुदायले एउटा विशिष्ट पहिचान स्थापित गरेको पाइन्छ।

बेलायतमा बसोबास गर्ने गुरुङ समुदायको महत्वपूर्ण संस्थाका रुपमा स्थापित तमु समाज युकेले विभिन्न सामाजिक एवं सांस्कृतिक कार्यक्रमहरुका माध्यमबाट नेपालको मौलिक सांस्कृतिक पहिचानको जगेर्ना गर्दै नेपाल र बेलायतमा समेत विभिन्न सामाजिक सेवाहरुमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। साथै, यस संस्थाले नेपालका प्राकृतिक विपत्तिका समयमा सहयोग पुऱ्याउँदै आएको मलाई जानकारी छ। तमु समाज युकेले प्रवासमा रहेर समेत आफ्नो धर्म संस्कृति एवं परम्परालाई जीवित राख्न योगदान दिंदै आफ्नो विशिष्ट पहिचानलाई भावी पुस्तासमक्ष हस्तान्तरण गर्न खेलेको भूमिका स्मरणयोग्य छ।

अन्त्यमा, तमु समाज युकेले बेलायतमा नेपाल र नेपालीहरुको पहिचान र प्रतिष्ठा बढाउने कार्यमा महत्वपूर्ण योगदान गर्नका साथै नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा निरन्तर पुऱ्याएको विशिष्ट योगदानको प्रशंसा गर्दै आगामी दिनमा समेत यो संस्था बेलायतमा रहेका तमुहरुको सच्चा सारथीका रुपमा निरन्तर क्रियाशील भइरहोस् भन्ने कामना गर्दछु। साथै, तमु (गुरुङ) समुदायको नयाँ बर्ष (गिद्द वर्ग) को पावन अवसरमा बेलायत तथा संसारभर बसोबास गर्ने सम्पूर्ण गुरुङ दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

२४ नोभेम्बर २०२३

ज्ञानचन्द्र आचार्य

EMBASSY OF NEPAL, 12A KENSINGTON PALACE GARDENS, LONDON W8 4QU
Tel: 020 7229 1594, Fax: 020 7792 9861 Email: officesecretary@nepembassy.org.uk

# अध्यक्षको शुभकामना



■ शिवकुमार गुरुङ
अध्यक्ष, तमू समाज यूके


## अध्यक्षको शुभकामना


बेलायतमा ३० सेप्टेम्बर २००७ सालमा स्थापना भएको संस्था तमु समाज युकेले हरेक तीन वर्षको अन्तरालमा प्रकाशन गर्दै आएको पत्रिका **सलि ट** (**सुनाखरी**/**The Orchid**) को चौथो संस्करणमा तमु समाज युकेको छैटौं कार्यसमितिको अध्यक्षको हैसियतले तमुहरूको महान पर्व **मुप्री ल्होछार** (**गिद्ध वर्ग**) को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरू, गुरुङहरू तथा तमु समाज युके परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न पाउँदा आफुलाई अत्यन्तै गौरवान्वित ठानेको छु।

तमु समाज युके स्थापना भएको १५औं बसन्त पूरा गरी १६औं बसन्तमा प्रवेश गरेको छ। यस संस्थाको स्थापना लन्डन वरपरका गुरुङ दाजुभाइ र उनका परिवारहरू मिलेर ३० सेप्टेम्बर २००७ मा संस्थापक अध्यक्ष श्रद्धेय श्री चित्रबहादुर गुरुङको नेतृत्वमा गठन भएको हो। समय परिवर्तन हुँदै गयो। लन्डनमा गुरुङहरूको बसोबास बढ्दै गयो। समाजमा नयाँ सदस्यहरू बृद्धि हुँदै गयो। समाजको कार्यक्षेत्र पनि दिन प्रतिदिन बढ्दै गयो।

कार्यक्षेत्रको बृद्धि सँगसँगै संस्थामा अम्दानीको स्रोत तथा आर्थिक कारोबार पनि बढ्दै गयो। संस्थाको आर्थिक कारोबारलाई पारदर्शिता, वैधानिक र चुस्त दुरुस्त रूपमा राख्न र संस्थाको लक्षित भावी योजना अनुरूप अगाडि बढाउनको लागि संस्थालाई वैधानिकता प्रदान गर्न सामाजिक तथा परोपकारी संस्थामा दर्ता गर्नु आवश्यकता थियो। सामाजिक तथा परोपकारी संस्थाको रूपमा दर्ता गर्दा संस्थालाई धेरै किसिमको फाइदा हुने भएकोले संस्थाका तेस्रो कार्यसमितिका अध्यक्ष श्रद्धेय श्री शिवशरण गुरुङको कुसल नेतृत्वमा कार्यसमितिमा संस्था दर्ता र यसको प्रक्रिया बारेमा धेरै पटक छलफल गरी निर्णयार्थ प्रस्तुत गरेको प्रस्तावलाई वार्षिक साधारणसभामा सर्वसम्मतद्वारा पारित गरी दर्ता प्रक्रिया आरम्भ भई १० डिसेम्बर २०१२ मा विधिवत रूपमा इङ्ल्याण्ड र वोल्सको च्यारिटी कमिसनमा दर्ता भएको संस्था हो। यस संस्थाको मुख्य उद्देश्य गुरुङ जातिको मौलिक भाषा, धर्म, संस्कार तथा संस्कृतिको संरक्षण एवं सम्बर्द्धन गरी नयाँ पुस्तामा आफ्नो मौलिक पहिचान पुस्तान्तरण गर्नु हो। नेपालदेखि टाढा विदेशी भूमि बेलायतको व्यस्त जीवनशैलीमा पनि समय निकालेर मन, बचन र कर्मले सामाजिक तथा परोपकारी कार्य गर्दै संस्कार र संस्कृतिको खोज अनुसन्धान गरी त्यसको प्रचार गर्ने कार्य पनि तमु समाज युकेले गर्दै आइरहेको छ।

तमु समाज युकेले साढे एक दशकको समयावधिमा जति उपलब्धिहरू हासिल गरेका छन्, त्यो वास्तवमै गौरव गर्न लायक छन्। यस संस्थाले स्थापना कालदेखि नै विभिन्न किसिमका महत्वपूर्ण सामाजिक तथा परोपकारी कार्यहरू गर्दै आएका छन्। तमु समाज युकेले हरेक वर्ष धार्मिक तथा परम्परा अनुसार मनाउँदै आएका चाडपर्वहरू बैशाख पूर्णिमा तथा बुद्ध जयन्ती कार्यक्रम, तीज कार्यक्रम, तिहारमा देउसी भैलो कार्यक्रम, गुरुङ जातिको नयाँ वर्ष तमु ल्होछार विशेष कार्यक्रम, जेष्ठ नागरिकहरूका लागि हरेक बुधबार योगसाधना, मनोरञ्जन र अंग्रेजी भाषा कक्षा सञ्चालन, बालबालिकाहरूका लागि नेपाली भाषा कक्षा सञ्चालन र विभिन्न बौद्धिक व्यक्तित्वहरूसँग तमु संस्कार-संस्कृतिबारे र अन्य विभिन्न विषयहरूमा अन्तर्क्रिया कार्यक्रमहरू गर्दै आएको छ।

तमु ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद्ले २०१६ नोभेम्बरमा नेपालको धरानमा आयोजना गरेको सार्क तमु सम्मेलनमा बेलायतबाट तमु समाज युकेको प्रतिनितधिको रूपमा तमु समाज

युकेका तत्कालीन अध्यक्ष श्री अर्जुनकुमार गुरुङले सहभागिता जनाएका थिए। यसैगरी सन् २०२० सालको कोरोना महामारीको समयमा कोभिड-१९ भाइरस संक्रमणले गर्दा एकापसमा भेट हुन नमिल्ने अवस्थामा पनि तमु समाज युकेले आफ्नो समाजको जेष्ठ नागरिकहरूलाई, आजीवन सदस्यहरूलाई र नेपालबाट बेलायतमा उच्च शिक्षा हासिल गर्न आएका विद्यार्थीहरूलाई खाद्यान्न तथा कोरोना महामारीबाट बच्नका लागि विभिन्न किसिमका स्वास्थ्य सुरक्षाका सामग्रीहरूसहित जनचेतनामूलक पर्चाहरू बनाई वितरण गर्ने कार्य पनि गरेको थियो।

कोभिड-१९ संक्रमणको समयमा होम आईसोलेसनमा बस्ने नेपालीहरूको लागि आवश्यकता अनुसार दैनिक उपभोगका वस्तुहरू बजारबाट खरिद गरी हरेकको घरदैलोमा पुऱ्याउने व्यवस्था पनि समाजले गरेको थियो।

यसैगरी, तमु समाज युकेले कोरोना महामारीको समयमा नेपालमा लकडाउनका कारण दैनिक जीवन चलाउन समस्यामा परेका मजदुरहरू र आर्थिक कठिनाई भोगिरहेका विपन्न वर्गका व्यक्तिहरूलाई खाद्यान्न तथा नगद राहत वितरण गरी सेवा पुऱ्याएको थियो भने बेलायतको नेशनल हेल्थ सर्भिस ट्रष्टलाई पनि एक हजार पाउण्ड आर्थिक सहयोग गर्न सफल भएको थियो।

तमु समाज युकेले नेपालमा भूकम्प, बाढी पहिरो जस्ता विभिन्न प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त भएका विद्यालय भवन र खानेपानी योजनाको मर्मत तथा पुनर्निर्माणमा पनि सहयोग गरेको छ।

तमु समाज युकेले नेपालमा तमु धिं नेपालको समन्वयमा गुरुङ संस्कृति र परम्परालाई जगेर्ना गर्नका लागि ट्होटे पर्वको अवसरमा निकालिने ट्होटे प्रदर्शनीको प्रतियोगितामा दिने दोस्रो पुरस्कारको प्रायोजनको लागि सन् २०१६ सालदेखि अक्षय कोष खडा गरी उक्त अक्षय कोषबाट प्राप्त भएको ब्याजले ट्होटे पर्वमा ट्होटे प्रदर्शनी प्रतियोगिताको दोस्रो पुरस्कार प्रायोजन गर्दै आएको छ।

यसवर्ष म नेपाल भ्रमणमा रहेको अवसरमा तमु धिं नेपालको वरिष्ठ सल्लाहकार मेजर रि. लक्ष्मी प्रसाद गुरुङ एमभिओको समन्वयमा तमु धिं नेपालको अध्यक्ष श्री हुम बहादुर गुरुङ र तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङबीच भेटवार्ता तथा छलफल गरी तमु धीं नेपालको पोखरास्थित तमु (गुरुङ) संग्रहालयमा गुरुङ जातिको सांस्कृतिक घाँटु नृत्यको घाँटुनीहरूको पूर्ण कदको २ थान प्रतिमा राखेको छ।

तमु समाज युकेले तमु धीं नेपालको निर्माणाधिन रोधीं भवनको लागि पनि रू. १,०५,०००।- (अक्षरेपी एक लाख पाँच हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गरेको छ। यसैगरी, तमु समाज युकेले नेपाल र युकेमा मात्र नभएर पाकिस्तान, मध्यपूर्व र पूर्व युरोपको युक्रेनमा समेत आर्थिक राहत सहयोग पुऱ्याएको छ।

तमु समाज युकेले पूर्वअध्यक्ष अर्जुनकुमार गुरुङको अध्यक्षतामा बेलायतको स्थानीय सरकारबाट कम्युनिटी एसेट ट्रान्सफर योजनाअन्तर्गत एक सामुदायिक भवन प्राप्त गर्न सफल भएको छ। यस सामुदायिक भवनलाई तमु समाज युके नेपलीज कम्युनिटी सेन्टरको रूपमा सञ्चालन गरिरहेको छ। यस सामुदायिक भवनबाट तमु समाजले मात्र नभई स्थानीय विभिन्न समुदायले पनि सेवा लिइरहेका छन्।

तमु समाज युकेले आफ्नो समाजको उद्देश्य प्राप्ति तथा सेवालाई थप प्रभावकारी बनाउन संस्थाले आफ्नै स्वामित्वमा एक सामाजिक भवन पनि खरिद गरेको छ। आफ्नै संस्थाको आजीवन सदस्य र शुभ चिन्तकहरूबाट अर्थ संकलन गरी जुलाई २०२० सालमा निवर्तमान अध्यक्ष श्री शिवचन्द्र गुरुङको अध्यक्षता र भवन खरिद समितिको संयोजकत्वमा सबै सदस्यहरूको चाहनाअनुसार लन्डनको ग्रिनफर्डस्थित खरिद गरेको नयाँ घरलाई सामाजिक भवनमा रूपान्तरण गरी समुदायको आवश्यकता अनुसारको सेवा सुविधा उपलब्ध गराउने भावी योजना बनाएको छ।

तमु समाज युकेले साढे एक दशकभित्र गौरव गर्न लायक धेरै उपलब्धि हासिल गरेका छन्। समाजले यति ठूलो उपलब्धि हासिल गर्न सक्नुमा विभिन्न समयका कार्य समितिका अध्यक्षहरू पदाधिकारिहरू, सल्लाहकारहरू ट्रस्टिज सदस्यहरू, आमा समूहका अध्यक्षहरू आमा दिदी बहिनीहरू, युवा समूहका अध्यक्ष, युवा भाइबहिनीहरू, शुभचिन्तकहरू र विभिन्न संघ संस्थाका मित्रगणहरूको साथ, सहयोग र योगदानको महत्वपूर्ण भूमिका रहेको छ। यो महत्वपूर्ण सहयोग, सद्भाव र योगदानका निम्ति सबैलाई म आभारसहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

तमु समाज युकेले लन्डनमा मुप्री (गिद्ध बर्ग) ल्होछार २०२३ को पावन अवसरमा प्रकाशित स्मारिका सलि ट (सुनाखरी) पत्रिकामा आफ्नो भनाइहरू राख्न पाउँदा म आफूलाई अत्यन्तै गौरव लागिरहेको छ। यस तमु समाज युकेको मुखपत्र तथा स्मारिका सलि ट (सुनाखरी) चौथो अंक प्रकाशनका संयोजक सल्लाहकार लेख गुरुङ, संयोजक समितिका सदस्यहरू र सल्लाहकारहरू साथै विभिन्न क्षेत्रबाट आफ्नो रचना, लेख, कथा, कविता, मुक्तक, विज्ञापन र शुभकामना सन्देश उपलब्ध गरी सहयोग गरिदिनु हुने सम्पूर्ण आदरणीय महानुभावहरू, व्यवसायीहरू र संघ संस्थाहरूलाई आभारसहित हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्तमा तमु जातिको महान पर्व ल्होछार मुप्री ल्हो (गिद्ध वर्ग) को आगमनको पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण तमु एवं नेपालीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। हामी सबैमा मुप्री ल्होछारले नयाँ जोस, जाँगर, उत्साह र उमंग ल्याओस् भनी कामना पनि गर्दछु।

धन्यवाद !



■ **उमादेवी गुरुङ**
अध्यक्ष
आमा समूह तमु समाज युके

# शुभकामना सन्देश

तमु समाज युकेको प्रारम्भदेखि नै समाजको सामिप्यतामा रहेर काम गर्ने अवसर प्राप्त भयो। प्रारम्भिक कालमा मेरो श्रीमान श्री रामचन्द्र गुरुङको सक्रिय सहभागिता रहने गर्दथ्यो। उहाँले समाजको महासचिवको जिम्मेवारी बहन गर्नुका साथै हाल सल्लाहकारको भूमिकामा हुनुहुन्छ। समाजको हरेक कार्यक्रमहरूमा म उहाँको सहयोगी र सहयात्रीको भूमिका सक्रिय रुपमा निर्वाह गर्दै आएको थिएँ।

यसै क्रममा समाजको विभिन्न योजनाहरूमध्ये प्रमुख योजनाको रुपमा सामुदायिक भवन खरिद परियोजना रहेको थियो। उक्त परियोजनाअन्तर्गत श्री शिवकुमार गुरुङको नेतृत्वमा रहेको सामुदायिक भवन खरिद परियोजना समितिमा महत्वपूर्ण सदस्यको जिम्मवारी बहन गर्दै समाजका लागि २०२० सालमा सामुदायिक भवन खरिद गर्न सफल भएका थियौं।

सामाजिक विकास र समयको गतिसिलतासँगै सामाजिक सक्रियता र जिम्मेवारीहरू थप हुँदै जानेक्रम रहेको थियो। यसैक्रममा तमु समाज युकेको २०२१ सालमा सम्पन्न वार्षिक साधारण सभाबाट छैटौ कार्यसमितिको चयन भएको थियो। जसअन्तर्गत तमु समाज युके आमा समूहको अध्यक्ष पदमा सर्वसम्मतीबाट मलाई चयन गरिएको थियो।

हाम्रो समाजमा आमाहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहने गर्दछ। समाजको हरेक सदस्यहरूलाई सुख र दुःखमा साथ दिनुको साथै समाजको विकास र गतिसिलताका लागि आमा समूहले सक्रितापूर्वक काम गरिरहेको छ। समाजका आमा दिदीबहिनीहरूबीच प्रभावकारी रुपमा सूचना र सन्देशहरू आदान प्रदान गर्नका निम्ति सहज होस भन्ने अभिप्रायले समाजका सम्पूर्ण आमा दिदीबहिनीहरूलाई समेटेर भाइवर ग्रुप बनाएका थियौं। यस भाइवर ग्रुपले आमा समूहका सदस्यहरूबीच सूचनाहरू आदानप्रदान गर्न र एकापसमा सम्पर्क गर्नुका निम्ति अत्यन्तै सहज भएको छ।

तमु समाज युके आमा समूहले समाजका सदस्यहरूलाई सुख र दुःखमा साथ दिनेक्रम स्थापनाकालदेखि नै गर्दै आएको छ। तमु समाज युकेका आमा समूहले दुःखमा परेका सदस्यहरूको परिवारको घरमा पुगी प्रत्यक्ष भेट गरेर सान्त्वना प्रदान गर्नुका साथै गुरुङहरूको संस्कृति र परम्परालाई कायम गर्दै रुपा/रिपा लगाई स्याई-स्याई गर्दै आएको छ। यसैगरी समाजको सदस्यहरूको परिवारमा हुने खुशीको क्षणहरूमा सदस्यहरूको घरमा पुगेर प्रत्यक्ष रुपमा खुशी साटासाट गर्नुका अतिरिक्त उक्त परिवारलाई समाजको तर्फबाट हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्ने कार्य मेरो नेतृत्वमा निरन्तर रुपमा चलिआएको छ।

यसैगरी, तमु समाज युके आमा समूहले वार्षिक रुपमा बुद्ध जयन्ती पूजा, तीज कार्यक्रम, देउसीभैलो कार्यक्रम र ल्होछार पूजा गर्दै आएको छ। यसका साथसाथै सदस्यहरूको छोराछोरीको शुभ विवाहको अवसरमा आयोजना गरिने प्रिती भोज कार्यक्रमहरूमा, संस्कृति र परम्परा अनुसार नाचगान गरी मनोरन्जन प्रदान गर्नुका साथै समाजको लागि आर्थिक संकलन गर्ने कार्य पनि गर्दै आएको छ। समाजको सदस्यहरूको परिवारमा सन्तान लाभ भएको अवस्थामा सदस्यहरूले र उनका छोराछोरीहरूले शैक्षिक उपाधि हासिल गरेको अवस्थामा र सदस्यहरूको पदोन्नति भएको अवस्थामा आमा समूहद्वारा बधाई तथा शुभकामना प्रदान गर्दै आएको छ। यस किसिमका विभिन्न अवसरहरूमा समाजका सदस्यहरूले आमा समूहलाई दान दक्षिणा प्रदान गर्दै आएको छ। यसरी प्राप्त हुने आर्थिक सहयोग आमा समूहको प्रमुख अर्थ संकलनको माध्यम बनेको छ।

तम समाज युकेले आयोजना गर्ने हरेक कार्यक्रमहरूमा आमा समूहको तर्फबाट विभिन्न किसिमको खाद्य परिकारका साथसाथै पेय पदार्थहरू निःशुल्क रुपमा प्रायोजन गर्दै आएको छ। बेलायतको कार्यव्यस्तताले गर्दा लामो समयसम्म भेटघाट हुन नपाएका आमा दिदीबहिनीहरू कार्यक्रमहरू मनाउने क्रममा भेटघाट गर्नुका साथै एकापसमा दुःख र सुखको अनुभव साटसाट गर्ने अवसर मिल्दछ।

अन्तमा, मलाई सदासर्वदा समाज सेवामा लागि रहन प्रेरणा दिनु हुने मेरा मान्यजनहरू, तमु समाज युकेका आमा समूहलाई आर्थिक भौतिक नैतिक सहयोग गर्नु हुने मेरा आफन्तजन इष्टमित्रहरू, समाजका अग्रजहरू, मलाई सहयोग गर्ने तमु समाज युकेका आमा दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु। हजुरहरूको माया ममता, साथ र सहयोग यसरी नै पाइरहने अपेक्षा राखेको छु। जीवनभर मन, वचन र कर्मले निस्वार्थ भावनाले सामाजिक सेवामा लागिरहने प्रण गर्दछु। यसैगरी तमुहरूको महान पर्व मुप्री ल्होछारको पावन अवसरमा यहाँहरू सबैमा म र मेरो परिवारको तर्फबाट हार्दिक शुभकामना ज्ञापन गर्दछु।

# About us

Tamu Samaj UK (TSUK) is a dedicated non-profit organization with a rich history, founded on September 30, 2007, under the leadership of Mr. Chitra Bahadur Gurung. The name Tamu Samaj UK was established on October 7, 2012, complying with charity commission regulations. TSUK received official registration as a charity (Charity Commission for England and Wales number 1150097) on December 10, 2012.

Our primary mission is to preserve and promote the unique Tamu (Gurung) culture and traditions among the Nepalese and Gurung communities residing in the UK. We achieve this through an array of initiatives and projects funded by membership dues, fundraisers, and cultural events.

TSUK's projects are designed to enhance the well-being of vulnerable populations in the UK and Nepal. This includes offering English and math classes for the elderly to improve communication and independence. We also host weekly meetups for the elderly, providing a safe and social environment, along with food and drinks. During the COVID-19 lockdowns, we distributed self-help guides and sanitary products to minimize the spread of infection.

Our social and cultural events, such as Lhochhar and Buddha Purnima, play a vital role in preserving our rich traditions and facilitating integration among Nepalese and Gurung communities in the UK. These events are particularly crucial for the younger generations, ensuring the preservation of our distinct cultural heritage for the future.

To enhance employment prospects for younger Nepalese individuals, we have offered free Level 2 BTEC courses, among other initiatives. Beyond our local efforts, TSUK is committed to improving the well-being and providing aid to communities worldwide, including Nepal, Ukraine, and Pakistan.

Our organization places a strong emphasis on the inclusion of women and youth. We have established dedicated Women and Youth Committees within TSUK to ensure their voices are at the heart of our organization's goals and future projects.

Throughout the years, under various chairpersons, TSUK has grown from humble beginnings to become a thriving organization. Supported by a dedicated team of executive members, advisers, and 585 life members, we continue to drive our fundraising, annual events, and various projects.

In conclusion, TSUK's core aim is to preserve and integrate the unique culture of Nepalese and Gurung societies into British life. We invite you to support us in our endeavours and be part of our mission to safeguard and celebrate our cultural heritage while contributing to the well-being of our communities in the UK and beyond. Your support is invaluable in helping us achieve these goals.

# New Year Message to Members of Tamu Samaj UK

May Year of the **Murpi (Gadul Barga)** be your best year yet and I hope New Year brings you lots of love, laughter and joy. May it be filled with new adventures and good fortunes. Know that whatever 2024 brings, Can't wait to see what the coming year holds. New Year's comes and goes, but our bond will last a lifetime. Excited to see what 2024 has in store for us! I'm grateful for all the memories we've created this year and the ones we'll make in the New Year.

***Wishing you a happy (Lhochhar)***
***New Year 2024***



## Cllr Bishnu Gurung

***Former Mayor of London Borough of Hounslow***

सलि ट
(सुनाखरी)

# तमु समाज युकेको वार्षिक प्रतिवेदन

(२०२१/२०२२/२०२३)



■ **धरम बल गुरुङ**
महासचिव, तमु समाज युके

तमु समाज युकेको सन् २००७ मा संस्थापक अध्यक्ष श्री चित्रबहादुर गुरुङको अध्यक्षतामा स्थापना भएको थियो भने सन् २०१२ सालमा तत्कालीन अध्यक्ष श्री शिवशरण गुरुङको अध्यक्षतामा ईङ्ल्याण्ड र वेल्सको च्यारिटी कमिसनमा विधिवत रूपमा दर्ता भएको हो। यसको मुख्य उद्देश्य भनेको जन्मभूमिबाट धेरै टाढा कर्मभूमिमा रहेर पनि आफ्नो धर्म, संस्कार, रीतिरिवाजलाई कायम राखी भावी पुस्तामा हस्तान्तरण गर्ने र सुख दुःखमा निःस्वार्थ भावनाले सहयोग गर्ने परोपकारी सामाजिक संस्था हो।

२७ जुन २०२१ देखि समाजका अध्यक्ष श्री शिवकुमार गुरुङको नेतृत्वमा छैटौं कार्य समितिमा महासचिवको जिम्मेवारी सम्हालेको नाताले तमु समाज युकेको संक्षिप्त प्रतिवेदन यहाँहरूसमक्ष प्रस्तुत गर्दैछु।

### १. पाँचौं कार्य समितिलाई बिदाई तथा सल्लाहकारहरू मनोनित

तमु समाज युकेको छैटौं कार्यसमितिले मिति १ अगष्ट २०२१ को दिन पाँचौं कार्य समितिका पदाधिकारीहरू, सल्लाहकारहरू तथा क्षेत्रीय प्रतिनिधिहरूलाई आफ्नै समाज घरमा भव्य कार्यक्रमका साथ बिदाई गऱ्यो भने छैटौं कार्यसमितका सल्लाहकारहरू तथ क्षेत्रीय प्रतिनिधिहरूलाई स्वागत गरेको थियो।

### २. तमु समाज युके र तमु धीं युकेको आपसी सम्बन्ध थप सुदृढ र प्रगाढ

बेलायतमा क्रियाशील हामी तमुहरूको गर्व गर्नलायक दुई ठूला संस्थाहरू तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ र तमु धीं युकेका अध्यक्ष हित काजी गुरुङको कार्यकालमा तमु समाज युके र तमु धीं युकेको आपसी सम्बन्ध थप सुदृढ र प्रगाढ भएको छ।

### ३. लमजुङस्थित दोर्दी खोला बाढी पीडितलाई आर्थिक सहयोग



तमु समाज युकेले १७ जुलाई २०२१ को दिनमा लमजुङस्थित दोर्दी खोला बाढी पीडित बुद्धिबहादुर गुरुङ र श्रीमती शिरकुमारी गुरुङको परिवारलाई रू. ३,५०,१४९ (तीन लाख पचास हजार एकसय उनान्पचास) आर्थिक सहयोग हस्तान्तरण गरेको थियो। उक्त आर्थिक सहयोग रकम समाजको सदस्यहरू र शुभचिन्तकहरूद्वारा संकलन गरिएको थियो।

### ४. गोर्खा सत्याग्रह संघर्ष समिति युकेको आन्दोलनप्रति ऐक्यबद्धता र आर्थिक सहयोग



तमु समाज यूकेले गोर्खा सत्याग्रह संघर्ष समिति युकेको आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै व्यवस्थापनको लागि ६ अगष्ट २०२१ को दिनमा ८५२ पाउन्ड (आठ सय बाउन्न पाउण्ड) आर्थिक सहयोग गरेको थियो। उक्त सहयोग रकम तमु समाज युकेका संस्थापक अध्यक्ष श्री चित्रबहादुर गुरुङ, महासचिव धरमबल गुरुङ र संयोजक कमल गुरुङद्वारा गोर्खा सत्याग्रह संघर्ष समितिका अभियन्ता ज्ञानराज राई र उहाँका टोलीलाई हस्तान्तरण गरेको थियो।

### ५. बेलायतमा गुम्बाहरू निर्माणका लागि आर्थिक सहयोग

तमु समाज युकेले दक्षिण पूर्वी लण्डनको उलविचमा स्थापित डायमण्ड बुद्धिस्ट सेन्टरलाई १६ अगष्ट २०२१ मा र रेडिङमा स्थापित बुद्धिस्ट गुम्बा रेडिङलाई १७ नोभेम्बर २०२२ को दिन आर्थिक सहयोग हस्तान्तरण गरेको थियो।

### ६. नेपाली मेलामा तमु समाज युकेको सहभागिता र आर्थिक सहयोग प्रदान

तमु धिं युकेको निमन्त्रणालाई सहर्ष स्वीकार गरी 'नेपाली मेलामा सहभागी बनौं, हाम्रो कला र संस्कृतिको जगेर्ना गरौं, नेपाली तथा तमु एकता आजको मूल आवस्यकता' भन्ने मर्मलाई आत्मसात गर्दै

सलि ट
(सुनारखरी)





तमु समाज युकेले नेपाली मेलामा सहभागिता जनाएको थियो। उक्त कार्यक्रममा तमु समाज युकेको तर्फबाट तमु धीं युकेलाई १००५ पाउण्ड (एक हजार पाँच पाउण्ड) आर्थिक सहयोग तमु समाज युकेका अध्यक्ष श्री शिवकुमार गुरुङले तमु धीं युकेका अध्यक्ष श्री हित काजी गुरुङलाई २९ अगस्ट २०२१ को दिनमा हस्तान्तरण गरिएको थियो।

### ७. आमा समूहद्वारा लन्डनमा तीज कार्यक्रमको आयोजना





नेपाली हिन्दु नारीहरूको महान पर्व हारितालिका तीजको अवसरमा तमु समाज युकेका आमा समूहले वेम्ब्ली बारहम पार्कस्थित तमु समाज युकेको भवनमा भव्य रूपमा तीज कार्यक्रमको आयोजना गरेको थियो। स्मणरहोस्, आमा दिदीबहिनीहरूका लागि प्रत्येक वर्ष निरन्तर रूपमा तीज कार्यक्रम हुँदै आएको छ।

### ८. तमु समाज युकेको वार्षिकोत्सव कार्यक्रम





समाज स्थापना भएको दिन ३० सेप्टेम्बरलाई तमु समाज युकेले प्रत्येक वर्ष स्थापना दिवस तथा वार्षिकोत्सवको रूपमा भव्यताका साथ समाजका सदस्यहरू र आमन्त्रित अतिथिहरूको उपस्थितिमा हर्ष र उल्लासमय वातावरणमा मनाउँदै आएको छ।

### ९. तिहारको अवसरमा देउसीभैलो कार्यक्रम

तमु समाज युकेले तिहारको पावन अवसरमा प्रत्येक वर्ष सामुदायिक भवन बारहम पार्कमा र समाजका सदस्यहरूको घर-घरमा गएर देउसीभैलो कार्यक्रम निरन्तर गर्दै आएको छ। देउसीभैलो कार्यक्रमबाट संस्कृति संरक्षणको अतिरिक्त समाजलाई आर्थिक उपार्जनको माध्यम बन्दै आएको छ।

### १०. लन्डन बरो अफ ब्रेन्टको सिभिक रिमेम्बरेन्स सर्भिसमा (Poppy Parade) तमु समाज युकेको सहभगिता

तमु समाज युकेले प्रत्येक वर्ष ब्रेन्ट काउन्सिलको आयोजनामा गरिने बरो सिभिक रिमेम्बरेन्स सर्भिसमा सहभागिता जनाउँदै आएको छ। उक्त कार्यक्रम Queen Elizabeth Gardens Barham Park Wembley मा हुने गर्दछ। कार्यक्रममा सहभागी विशिष्ठ अतिथिहरूको सम्मानमा तमु समाज युकेले वर्षेनी करी लन्चको आयोजना गर्दै आएको छ।





### ११. तमु समाज युकेको ल्होछार पूजा कार्यक्रम

तमु समाज युकेले गुरुङहरूको महान पर्व ल्होछारे/ल्होसारको पावन अवसरमा प्रत्येक वर्ष ल्होछार पूजा कार्यक्रम धर्म गुरुहरूको उपस्थितिमा समाज घरमा पुष पन्द्रको दिनमा गर्दै आएको छ।





### १२. तमु समाज युकेको ल्होछार सेलेब्रेसन

तमु समाज युकेले प्रत्येक वर्ष ल्होछारको पावन अवसरमा हेरोलेजर सेन्टरमा भव्य रूपमा समाजको सम्पूर्ण सदस्यहरू तथ अतिथिहरूको उपस्थितिमा एकापसमा शुभकामना आदान प्रदान गर्दै विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी ल्होछार पर्व मनाउँदै आएको छ। ७ जनवरी २०२३ मा भव्य हि ल्होछार कार्यक्रम सम्पन्न भएको थियो।

### १३. युक्रेनका लागि सहयोग

तमु समाज युकेले युद्धबाट विस्थापित भएका युक्रेनी जनताको स्वास्थ्य उपचारका लागि राहतस्वरूप २,०६२ पाउण्ड आर्थिक सहयोग ३ मार्च २०२२ को दिनमा ब्रेन्ट काउन्सिलका काउन्सिलरहरूको समन्वयमा हस्तान्तरण गरेको थियो। उक्त रकम समाजको कोषबाट र सदस्यहरूबाट संकलन गरेको थियो।

### १३. बैशाख पूर्णिमा तथा बुद्ध जयन्ती कार्यक्रम

तमु समाज युकेले आमा समूहको संयोजनमा धर्म गुरुहरू र समाजको सदस्यहरूको उपस्थितिमा वैशाख पूर्णिमा तथा बुद्ध जयन्ती पूजा कार्यक्रम प्रत्येक वर्ष समाजको आफ्नै भवनमा गर्दै आएको छ।

### १४. तमु धीं युकेले आयोजना गरेको गोर्खा कपमा आर्थिक सहयोग

तमु धीं युकेको निमन्त्रणलाई सहर्ष स्वीकार गर्दै तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ अतिथिको रूपमा सहभागिता जनाउँदै कार्यक्रममा तमु समाज युकेको तर्फबाट आर्थिक सहयोग स्वरूप तमु धीं युकेका अध्यक्ष हित काजी गुरुङलाई ४ जुन २०२२ को दिनमा ५०५ (पाँच सय पाँच) पाउण्ड हस्तान्तरण गरेको थियो।

### १५. बालबालिकाहरूका लागि नेपाली भाषा कक्षा सञ्चालन

तमु समाज युकले नेपालीमूलका बालबालिकाहरूका लागि साप्ताहिक रूपमा २३ जुलाई २०२२ देखि निःशुल्क नेपाली भाषा कक्षा सञ्चालन गर्दै आएको छ। नेपाली भाषा कक्षामा २० जनाभन्दा बढी बालबालिकाहरूले नेपाली भाषा अध्ययन गरिरहेका छन्।

### १६. समाजका जेष्ठ नागरिकका लागि अंग्रेजी भाषा कक्षा, योग प्रशिक्षण र चियापान कार्यक्रम

तमु समाज युकेले साप्ताहिक रूपमा समाजका जेष्ठ नागरिकहरूलाई निःशुल्क रूपमा अंग्रेजी भाषा कक्षा, योगा प्रशिक्षण र चियापानको कार्यक्रम समाजको आफ्नै भवनमा आयोजना गर्दै आएको छ।

### १७. पाकिस्तानका बाढी पीडितलाई आर्थिक सहयोग

पाकिस्तानी बाढी पीडित जनताको सहयोगका लागि तमु समाज युकेको तर्फबाट राहत स्वरूप आर्थिक सहयोग रकम २६०० पाउण्ड ब्रेन्ट काउन्सिलका काउन्सिलरहरूको समन्वयमा ४ फेब्रुअरी २०२३ को दिनमा हस्तान्तरण गरेको थियो। उक्त रकम समाजको कोषबाट र आजीवन सदस्यहरूद्वारा संकलन गरिएको थियो।

### १८. Commonwealth and Ghurkha Garden चौतारी निर्माणका लागि आर्थिक सहयोग

दक्षिण पूर्वी लण्डनको Woolwich मा कमन वेल्थ र गोर्खालीहरूको स्मृतिमा निर्माणाधिन Commonwealth and Ghurkha Garden

सलि ट
[सुनासरी]

परियोजनाका लागि तमु समाज युकेले १००५ (एक हजार पाँच) पाउण्ड आर्थिक सहयोग गरेको छ। उक्त रकम Commonwealth and Ghurkha Garden (चौतारी) का गोर्खाली समूहका संयोजक श्री श्रीचन्द्र गुरुङलाई समाज अध्यक्ष श्री शिवकुमार गुरुङले ३ जुन २०२३ को दिनमा हस्तान्तरण गर्नुभएको थियो।

### १९. उपमेयर श्रीमती मन्जुदेवी गुरुङसँग अन्तर्क्रिया

तमु समाज युकेले बेलायतको निजी भ्रमणमा रहेका पोखरा महानगरपालिकाका उपमेयर श्रीमती मन्जुदेवी गुरुङलाई तमु समाज युकेको भवनमा १ मे २०२३ का दिनमा भव्य स्वागत, सम्मान तथा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो।

### २०. तमु धीं नेपालको ३९औं स्थापना दिवसमा तमु समाज युकेको अध्यक्ष शिवकुमार गुरुङको सहभागिता र रोधीं घर निर्माणका लागि आर्थिक सहयोग

तमु धीं नेपालको निमन्त्रणालाई स्वीकार गरी तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ तमु धीं नेपालको ३९औं स्थापना दिवसमा सहभागी हुनुभएको थियो। उक्त कार्यक्रममा तमु धीं नेपालले निर्माण गरिरहेको रोधीं घरका लागि तमु समाज युकेको तर्फबाट रू. १,०५,०००।- (अक्षरेपी एक लाख पाँच हजार) तमु समाज युकेका अध्यक्ष श्री शिवकुमार गुरुङले तमु धीं नेपालका अध्यक्ष श्री हुमबहादुर गुरुङलाई १९ मे २०२३ को दिनमा प्रदान गर्नुभएको थियो।

### २१. तमु संग्रहालयमा घाँटु नाचको घाँटुनीहरूको पूर्ण कदको प्रतिमा स्थापनामा तमु समाज युकेको सहयोग

तमु समाज युकेले नेपालमा तमु धीं नेपालका वरिष्ठ सल्लाहकार मेजर रिटायर्ड लक्ष्मीप्रसाद गुरुङ MVO को समन्वयमा १३ मे २०२३ का दिन पोखरामा तमु समाज युकेको तर्फबाट अध्यक्ष शिवकुमार गुरुङ र तमु धीं नेपालको तर्फबाट अध्यक्ष हुमबहादुर गुरुङबीच भेटवार्ता तथा छलफल गरी पोखरामा निर्माणाधिन तमु संग्रहालयमा गुरुङहरूको सांस्कृतिक घाँटु नाचको घाँटुनीहरूको नृत्य गर्दै गरेको पूर्ण कदको २ थान प्रतिमा स्थापना गरेको छ।

### २२. तमु समाज युकेको ग्रृष्मकालीन भ्रमण

तमु समाज युकेले यस वर्षदेखि आफ्नो समाजका सदस्यहरूका लागि ग्रृष्मकालीन भ्रमणको व्यवस्था गरेको छ। यस वर्ष तमु समाज युकेले ८ अगस्ट २०२३ का दिन आइल अफ व्हाइट (Isle of Wight)को एक दिने भ्रमण सम्पन्न गरेको थियो। अबदेखि हरेक वर्ष समाजले ग्रृष्मकालीन भ्रमणको आयोजना गर्ने निर्णय गरेको छ।

### २३. स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग




नेपालको गण्डकी प्रदेश, लमजुङ जिल्लाका वरिष्ठ कलाकार तथा सर्जक श्री कृष्ण गुरुङलाई ९ जुलाई २०२३ को दिनमा र लमजुङ राईनास नगरपालिका ९ की श्रीमती सरिता गुरुङलाई १८ नोभेम्बर २०२३ को दिनमा स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग स्वरूप एकमुष्ठ रकम रू. ३७५०००।- (अक्षरेपी तीन लाख पचहत्तर हजार) प्रदान गरेको थियो।

### २४. निःशुल्क दन्त शिविर सञ्चालन

तमु समाज युकेले कोडेक युके र हिमालयन डेभलपमेन्ट फाउन्डेसनको सहकार्यमा तमु समाज युकेको आफ्नै समाज घर बारहम पार्क वेम्लीमा १ अक्टोबर २०२३ को दिन नेपाली दन्त चिकित्सकहरूद्वारा निःशुल्क दन्त शिविर सफलतापूर्वक आयोजना गरेको थियो।

### २५. परोपकारी रात्रिभोज कार्यक्रममा सहभागिता

विभिन्न संघसंस्थाहरूको निमन्त्रणालाई स्वीकार गर्दै समाजका अध्यक्ष शिवकुमार गुरुङको नेतृत्वमा, तमु धीं युके, तमु प्ये ल्हु संघ युके, चार भन्ज्याङ तमु समाज युके, पोखरेली मन्च युके, डाईमन्ड बुद्धिष्ट सेन्टर युके र लमजुङ समाज युके, Commonwealth & Gurkha Garden Charity Dinner Party, Thousand Buddha UK Charity Dinner Night, सहारा युकेको परोपकारी कार्यक्रमहरूमा विभिन्न समयमा सहभागिता जनाउँदै आर्थिक सहयोग गरेको थियो।

**तमु समाज युकेले दुःखमा परेका आफ्नो सदस्यहरूलाई सान्त्वनास्वरूप स्याईस्याई र सुखमा रहेको सदस्यहरूलाई बधाई तथा शुभकामना आदान–प्रदान गर्ने कार्यक्रम आमा समूहको नेतृत्वमा निरन्तर रूपमा गर्दै आएको छ।**

### २६. समाजका सदस्यहरूलाई दुःख र सुखमा साथ र सहयोग

तमु समाज युकेले दुःखमा परेका आफ्नो सदस्यहरूलाई सान्त्वनास्वरूप स्याईस्याई र सुखमा रहेको सदस्यहरूलाई बधाई तथा शुभकामना आदान-प्रदान गर्ने कार्यक्रम आमा समूहको नेतृत्वमा निरन्तर रूपमा गर्दै आएको छ। उक्त कार्यक्रममा ३ दर्जन घर परिवारलाई दुःखमा साथ सहयोग सान्त्वना दिएका छन् भने ५०औं घर परिवारमा बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

### २७. विभिन्न संघसंस्थाको कार्यक्रममा सहभागिता

विभिन्न संघसंस्थाहरूको तर्फबाट प्राप्त हुने निमन्त्रणालाई स्वीकार गर्दै समाजको तर्फबाट अध्यक्ष शिवकुमार गुरुङको नेतृत्वमा विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउँदै आएको छ।

अन्तमा, मेरो कार्यकालमा मलाई विभिन्न माध्यमबाट साथ र सहयोग गर्नु हुने र सदैव असल कार्यमा लागिरहन प्रेरणा र ऊर्जा प्रदान गर्नुहुने समाजका अध्यक्षलगायत सम्पूर्ण पदाधिकारी र संस्थापक तथा पूर्व अध्यक्षहरू, सल्लाहकारहरू, आमा समूहका पूर्व तथा वर्तमान अध्यक्षहरू, युवा समूहका अध्यक्ष तथा युवा भाइबहिनीहरू तथा शुभचिन्तकहरूप्रति आभार प्रकट गर्दै आउँदै गरेको **मुप्री ल्होछार**को पावन अवसरमा सबैलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।



# अनुभव र अनुभूति

■ **खेमबहादुर गुरुङ**
कोषाध्यक्ष, तमु समाज युके

तमु समाज युके बेलायतको च्यारिटी कमिसनमा दर्ता भएको एउटा परोपकारी संस्था हो । यो संस्थाले छोटो समयमा धैरै गर्व गर्न लायक परोपकारी कार्यहरू गरिसकेको छ । बेलायतमा आफ्नो नाम, परिचय र प्रतिष्ठा उच्च स्थानमा राख्न सफल भएको संस्था हो । सर्वप्रथम तमु समाज युकेको २०२१ सालको वार्षिक साधारण सभाबाट २०२१-२४ सम्मका लागि तमु समाज युकेको छैटौं कार्यसमितिको कोषाध्यक्ष पदमा मलाई विश्वास गरेर तीन वर्षको लागि तमु समाज युकेको महत्वपूर्ण जिम्मेवारी दिनु भएर समाजका लागि केही नयाँ सकारात्मक सोंचहरू र रचनात्मक विषयहरू लिएर केही नौलो र फरक कार्य गरेर राम्रो परिणाम दिनका लागि मलाई सुवर्ण मौका दिनुभएकोमा तमु समाजको छैटौं कार्यसमितिका अध्यक्ष तथ सम्पूर्ण सदस्यहरूप्रति हार्दिकतापूर्वक कृतज्ञता व्यक्त गर्दछु ।

हुन त मैले स्थापना कालदेखि नै समाजको आजीवन सदस्यको हैसियतले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा निरन्तर सहयोग गर्दै आएको थिएँ । पाँचौ कार्यसमितिमा सक्रिय सदस्य भएर समाजका लागि प्रभावकारी भौतिक, आर्थिक, सामाजिक र नैतिक सहयोग गर्दै आइरहेको थिएँ । यसपटक कोषाध्यक्ष जस्तो गहन जिम्मेवार पद समाल्न पाउँदा म आफूलाई गौरवान्वित ठानेको छु ।

तमु समाज युकेको आर्थिक वर्ष (अप्रिल २०२१-नोभेम्बर २०२३) को आर्थिक कारोबारको सरल र संक्षेपमा मेरो अनुभव बाँड्न चाहन्छु । यस संस्थाको कोषाध्यक्ष पदमा २०२१ को जुन महिनामा पद र गोपनीयताको सपथ ग्रहणपछि मैले कोषाध्यक्षको जिम्मेवारी लिने पहिलो दिनमा नै नेपालको, गण्डकी प्रदेश, लमजुङ जिल्ला, दोर्दी खोलामा आएको भिषण बाढी र पहिरोले ठूलो क्षति पुऱ्याएको थियो । तमु समाज युके एक परोपकारी संस्था भएको हुनाले पहिरोबाट आर्थिक तथा भौतिक क्षति व्यहोरेको परिवारले समाजमा सहयोगको लागि निबेदन गरेको थियो ।

त्यसपश्चात समाजले दोर्दी खोलाको बाढी र पहिरो पीडितहरूलाई सहयोग गर्ने निर्णय भएपछि आर्थिक सहयोग संकलन गरी पीडितहरूलाई राहत प्रदान गरिएको थियो ।

तमु समाज युकेले हामी कर्मभूमि बेलायतमा बस्नु हुने समाजका आजीवन सदस्यहरूलाई दुःख र सुखमा साथ दिँदै आएका छौं ।

तमु समाज युकेले हरेक वर्ष आयोजना गर्दै आएको वार्षिक कार्यक्रमहरू जस्तैः बुद्ध जयन्तीको पूजा, वार्षिक साधारण सभा, तीजको कार्यक्रम, वार्षिकोत्सव कार्यक्रम, रेम्मेबेरन्स डे, देउसी भैलो, ल्होसार पूजा र ल्होसार/ल्होछार सेलेब्रेसन कार्यक्रमका साथै समाज घरहरूको आम्दानी र खर्चको विवरण, बेलायतमा अरू संघसंस्थाहरूले आयोजना गरेको कार्यक्रममा सहभागी हुँदाको आम्दानी र खर्चको विवरणहरू राख्दै आएको छ ।

प्राकृतिक प्रकोपबाट प्रभावित परिवारलाई मानवीय सहयोग तथा स्वास्थ्य उपचारको लागि गरिएको आर्थिक सहयोगको विवरण अध्यावधिक राखिएको छ ।

पोखराको गुरूङ संग्रहालयमा राखेको गुरूङको सांस्कृतिक भेषभूषा र पहिचान झल्काउने दुई थान मूर्तीहरू खरिद परियोजनाको खर्चको विवरण, तमु समाज युकेको स्वागत गीतलाई श्रब्यदृष्य बनाउन लागेको खर्चको विवरण, युकेमा स्थापित बौद्ध गुम्बाहरूको लागि गरेको आर्थिक सहयोग संकलनको विवरणहरू हरेक तीन महिनामा हुने समीक्षा बैठकमा पारदर्शिताको साथ प्रस्तुत गर्दै आएको छु । यसैगरी तमु समाज युकेको हरेक वर्षको आर्थिक प्रतिवेदनहरू वार्षिक साधारण सभामा प्रस्तुत गर्दै आएको छु ।

तमु समाज युकेको आर्थिक वर्ष (२०२१-२०२३) को सम्पूर्ण शीर्षकहरूमा भएको आम्दानी र खर्चको विवरणसहित आमा समूहलाई समाजको आजीवन सदस्यहरूबाट विभिन्न अवसरमा उदार भावले प्रदान गर्नुभएको रकम र आमा समूहको आम्दानी र खर्चको सम्पूर्ण विवरणहरू चुस्तदुरुस्त राखेको छु ।

आर्थिक वर्ष २०२२-२३ मा सामाजिक भवन खरिद गर्दा लिएको बैंकको ऋण अथवा मोर्गेज ५५,००० (पचपन्न हजार पाउण्ड) बैंकलाई भुक्तान गर्न सफल भएको छ । यसैगरी तमु समाज युकेको ३२ जना आजीवन सदस्यहरूबाट सामाजिक भवनको सहयोगार्थ मासिक रुपमा पाँच पाउण्ड र दश पाउण्डको दरले आर्थिक सहयोग गरिरहेको छ । २०२१ देखि २०२३ सालसम्म ५० जना नयाँ सदस्यहरूले सदस्य शुल्क तिरेर तमु समाज युकेको आजीवन सदस्यताको प्रमाणपत्र ग्रहण गर्नुभएको छ ।

यस समाजमा आजीवन सदस्यताको संख्या बढेर ५८५ (पाँच सय पचासी जना) पुगेको छ । आज यसरी तमु समाज युकेको नाम, पहिचान र प्रतिष्ठा उत्कृष्ट स्थानमा पुऱ्याउन सफल हुने तमु समाज युकेको हरेक आजीवन सदस्यहरूको प्रभावकारी सहयोग बिना यो असम्भव नै थियो ।

त्यसैले तमु समाज युकेको हरेक आजीवन सदस्यहरूलाई मेरो अन्तर हृदयबाट सम्मान र आभार प्रकट गर्दछु ।

मैले आफ्नो पदको जिम्मेवारी लिएपछि तमु समाजको आर्थिक कारोबारहरूलाई समयानुकूल केही परिमार्जन गर्दै समाजमा केही राम्रो परिणाम आउने काम गरेको छु जस्तो लाग्छ।

तमु समाज युकेको आजीवन सदस्यहरूको चाहना र भावना अनुरूप तमु समाज युकेको आवश्यकताअनुसार चलेर साँढे दुई वर्षको अवधिमा केही फरक, नौलो र सकारात्मक परिणाम आएको अनुभव तपाँईहरूले अवश्य पाउनुभयो होला। मैले समाजप्रति गर्नुपर्ने कर्तव्य, जिम्मेवारी र दायित्व पूरा गरेँ जस्तो लाग्छ।

अन्तमा, तमु समाज युकेलाई भविष्यमा अझै प्रभावकारी र सफल बनाएर अगाडि बढाउन केही सामाजिक रूपान्तर आवश्यक देखिन्छ। यस रूपान्तरमा समयानुकूल समाजमा हुने वार्षिक आयोजनाहरूको व्यवस्थापनमा केही परिमार्जन, खर्च कटौती र अवस्थाको परिवर्तनको लागि हामी सबैको साझा धारणा, सुझाव, सहयोग र प्रयासको आवश्यकताको खाँचो रहेको मैले अनुभव र अनुभूति महशुस गरेको छु।

# लमजुङकी सरिता गुरुङको स्वास्थ्योपचारका लागि तमु समाज युकेको सहयोग



लमजुङको राईनास नगरपालिका ९ निवासी ४७ वर्षीया सरिता गुरुङको स्वास्थ्य उपचारको लागि तमु समाज युकेले आर्थिक सहयोग गरेको छ।

सरिता ब्रेस्ट क्यान्सरबाट पीडित छन्। हाल उनको भक्तपुर क्यान्सर अस्पतालमा उपचार भइरहेको भक्तपुर क्यान्सर अस्पतालका प्रसासन बिभागका प्रमुख राजाराम ताजले जानकारी दिए।

सरिताको स्वास्थ्य उपचारको लागि आर्थिक अभाव भएको हुनाले तमु समाज युकेसमक्ष आर्थिक सहयोगको अपिल गरेको हुनाले तमु समाज युकेले आफ्नो आजीवन सदस्यहरूबाट ९ अक्टोबर २०२३ देखि ६ नोभेम्बर २०२३ सम्म आर्थिक संकलन गरेको थियो। त्यसक्रममा १ लाख ९ हजार ७०० रुपैयाँ (६८६ पाउण्ड) संकलन भएको थियो।

संकलित सहयोग रकम १८ नोभेम्बर २०२३ को दिन तमु समाज युकेका कोषाध्यक्ष खेमबहादुर गुरुङले काठमाडौंको कोटेश्वरमा सरिता र उनको श्रीमान देउबहादुर गुरुङलाई हस्तान्तरण गरेका छन्।

सहयोग रकम हस्तान्तरण गर्ने कार्यक्रमको संयोजन दिपक कुमार खड्काले गरेका थिए।

आर्थिक सहयोग हस्तान्तरण कार्यक्रममा कोषाध्यक्ष खेमबहादुर, उनकी दिदी आशा गरुङ खाँड र दिपक कुमार खड्का उपस्थित भई आफुलाई हौसला र सान्त्वना दिएकोमा श्रीमती सरिता गुरुङ अत्यन्तै खुशी व्यक्त गर्दै तमु समाज युकेका अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरूप्रति हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गरिन्।

तमु समाज युकेका अध्यक्ष शिव कुमार गुरुङले सो आर्थिक सहयोग संकलन कार्यमा सहभागी सबै पदाधिकारी र आजीवन सदस्यहरूलाई धन्यवाद दिँदै सरिता गुरुङको स्वास्थ्य लाभको कामना गरेका छन्।

सलि ट (सुनाखरी)

# कलाकार कृष्ण गुरूङको उपचारका लागि तमु समाज युकेको साढे २ लाख सहयोग



■ शिवकुमार गुरुङ
लण्डन




**तमु कलाकार सांस्कृतिक मञ्च युकेका अध्यक्ष पदमबहादुर गुरुङले तमु समाज युकेका अध्यक्ष तथा सम्पूर्ण सदस्यहरूलाई आफूले संयोजन गरेको अभियानमा सहयोग गरेकोमा आभार व्यक्त गरे ।**

तमु समाज युकेले गायक, संगीतकार तथा कलाकार कृष्ण गुरुङको स्वास्थ्य उपाचार सहयोगको लागि आर्थिक सहयोग गरेको छ ।

वेम्बलीस्थित आफ्नै समाज घरमा आइतबार आयोजित कार्यक्रममा कलाकार गुरुङको स्वास्थ्य उपचार सहयोगको लागि समाजको सदस्यहरूबाट संकलित २ लाख ४७ हजार (१४६८ स्ट्रलिङ पाउण्ड) तमु कलाकार सांस्कृतिक मन्च युकेका अध्यक्ष पदमबहादुर गुरुङलाई हस्तान्तरण गरिएको हो ।

तमु समाज युकेको अध्यक्ष शिवकुमार गुरुङले कलाकार गुरुङको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै अझै नयाँ-नयाँ गीत सिर्जना र गाउन सफल हुन् भनी शुभकामना दिए ।

तमु कलाकार सांस्कृतिक मञ्च युकेका अध्यक्ष पदमबहादुर गुरुङले तमु समाज युकेका अध्यक्ष तथा सम्पूर्ण सदस्यहरूलाई आफूले संयोजन गरेको अभियानमा सहयोग गरेकोमा आभार व्यक्त गरे ।

कार्यक्रममा तमु समाज युकेका निवर्तमान उपाध्यक्ष तथा सल्लाहकार कन्याप्रसाद गुरुङ, पूर्वमहासचिव तथा सल्लाहकार ज्ञानबहादुर गुरुङ र कार्यसमितिका सदस्य गंगाबहादुर गुरुङको उपस्थिति थियो ।

# मुप्री ल्होछारै आशिमलाँ



तमुहरूको
महान पर्व
**मुप्री (गिद्ध वर्ग)**
**२०८०**
को पावन
अवसरमा समस्त
देश विदेशमा
रहनुभएका
नेपाली
दाजुभाइ तथा
दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू
तथा उत्तरोत्तर
प्रगतिको
कामनासहित
हार्दिक मंगलमय
शुभकामना व्यक्त
गर्दछौं ।



**Mr Shiva Kumar Gurung**
and
**Mrs Mina Gurung**
President
**Tamu Samaj UK**

सलि ट
(सुनाखरी)

# लन्डन बरो अफ ब्रेन्टको सिभिक रिमेम्बरेन्स सर्भिसमा तमु समाज युकेको सहभागिता



■ शिवशरण गुरुङ





लण्डन। लन्डन बरो अफ ब्रेन्टको सिभिक रिमेम्बरेन्स सर्भिसमा तमु समाज युके पनि सहभागी भएको छ। गत १२ नोभेम्बर आइतबार क्वीन एलिजाबेथ गार्डेन बरहाम पार्क वेम्बली लन्डनमा रिमेम्बरेन्स सर्भिस तथा परेड भएको हो।

उक्त समारोहमा ब्रिटिश आर्मी, एअरफोर्स र नेभी क्याडेट्स, सेन्ट जोन्स एम्बुलेन्स, रोयल ब्रिटिश लिजन वेम्बली तथा सडबरी ब्रान्चका सदस्यहरू, स्काउट, बिजिएनए तथा अन्य संघसंस्थाका प्रतिनिधि र रेजिमेन्ट ब्रास ब्यान्डसहित तमु समाज यूके आवद्द गोर्खा सैनिक भेट्रानहरू पनि परेडमा सहभागी भए।

डेपुटी लेप्टिनेन्ट मिड सिम लाई 'ओबीइ' प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा ब्रेन्टका, वारसीपफूल मेयर ओरलिन हिल्टन, ब्रेन्ट काउन्सिल लिडर काउन्सिलर मोहमद बट, बेलायती सांसदद्वय बेरि गार्डिनरलगायत अन्य विशिष्ट ब्यक्तित्वहरू उपस्थित रिमेम्बरेन्स






सर्भिसमा ब्रेन्टका विभिन्न संघसंस्था तथा नागरिकको पनि उल्लेख्य उपस्थिति थियो।



डिन अफ ब्रेन्ट, फादर एन्ड्रयु टेथरले सन्चालन गरेको रिमेम्बरेन्स सर्भिसमा डेपुटी लेप्टिनेन्टको निवन्ध प्रतियोगिता २०२३ मा प्रथम तथा द्वितीय स्थान हासिल गरेका उत्कृष्ट रचना विद्यार्थीले वाचन गरेका थिए ।




राष्ट्रका लागि विभिन्न युद्धमा जीवन बलिदान गरेका वीर योद्धाहरूको सम्झनामा प्रार्थना गरी ट्रम्पेट लास्ट पोस्ट धुन, एक मिनट मौनधारण, ट्रम्पेट रेभाली धुन तथा बेलायतको राष्ट्रिय धुन बजाइएको थियो ।

रिमेम्बरेन्स सर्भिसमा प्रमुख अतिथिले मन्तव्य राखेपछि प्रमुख अतिथि, ब्रेन्टका मेयरलगायत उपस्थित विशिष्ट व्यक्तित्वहरू र ब्रेन्टका बिभिन्न संघसंस्थाका प्रतिनिधिले बरहाम पार्कस्थित युद्ध स्मारकमा रिथ अर्पण गरे ।



तमु समाज यूकेको तर्फबाट अध्यक्ष शिव कुमार गरुङले रिथ अर्पण गरेका थिए । अन्तमा ब्रास ब्यान्ड धुनसहित परेड मार्चपास्ट गरी ब्रेन्ट सिभिक रिमम्बरेन्स सर्भिस समापन गरिएको थियो ।

दिउँसो २ बजे आरम्भ भएको कार्यक्रम समापनपछि तमु समाज यूकेले प्रमुख अतिथि तथा कार्यक्रममा सहभागी ब्रेन्ट काउन्सिलका विशिष्ट व्यक्तित्वहरूको सम्मानमा बरहाम पार्कस्थित आफ्नै सामाजिक भवनमा 'करी लन्च' आयोजना गरेको थियो ।

करी लन्चमा प्रमुख अतिथि डेपुटी लेफ्टिनेन्ट मिइ सिम लाई 'ओबीइ', ब्रेन्टका मेयर काउन्सिलर ओरलिन हिल्टन, काउन्सिलर लिडर काउन्सिलर मोहमद बट, सांसदहरू बेरि गार्डिनर, डवन बटलरलगायत स्थानीय काउन्सिलरहरू, विशिष्ट ब्यक्तित्व तथा रिमेम्बरेन्स सर्भिसमा सहभागी तमु समाज युकेका अध्यक्ष, संस्थापक अध्यक्ष, कार्यसमिति पदाधिकारी, सल्लाहकारहरू, सदस्यहरू, आमा दिदिबहिनीहरू सरिक भएका थिए ।

महासचिव धरम बल गुरुङले उपस्थित सबैलाई 'हेल्थ एण्ड सेफ्टी' बारे जानकारी गराउँदै अतिथिहरूको स्वागत र आसन ग्रहण गराएपछि अध्यक्ष शिवकुमार गुरुङले स्वागत मन्तव्यसहित संस्थाको संक्षिप्त परिचय तथा गतिविधिबारे अवगत गराएका थिए भने अतिथिहरूलाई जलपान र खानापिनको हेरबिचार उपाध्यक्ष बिन्दु घले, फ़स्ट लेडी मिना गुरुङ, संस्थापक अध्यक्ष चित्र बहादुर गुरुङ र आमा समूहका दिदीबैहिनीहरूले गरेको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि डेपुटी लेफ्टिनेन्ट मिइ सिमलाई 'ओबीइ', मेम्बर अफ पार्लियामेन्टका माननीय सांसद बेरि गर्डिनर, ब्रेन्टका मेयर काउन्सिलर ओरलिन हिल्टन, काउन्सिल लिडर काउन्सिलर मोहमद बट, त्यसैगरी काउन्सिलका चिफ एक्सीक्युतिव किम राईट र काउन्सिलर पाउल लोरबरले मन्तब्य राखेका थिए ।

मन्तव्यका क्रममा अतिथिहरूले ब्रेन्ट सिभिक रिमेम्बरेन्स सर्भिसमा तमु समाज युकेको सहभागिता र समाजले गरेको सामाजिक तथा परोपकारी कार्यहरूको खुलेर प्रशंसा गरे ।



■ **बाबुराम गुरुङ**
लन्डन

# ठक्कर खानु पर्दो रहेछ !

ठक्कर खानु नै पर्दो रहेछ
हिँड्न त सिकिन्छ
चोट पर्नु नै पर्दो रहेछ
पीडा त बुझिन्छ।
घाउ हुनु नै पर्दो रहेछ
दबाई त जानिन्छ
धोका खानु नै पर्दो रहेछ
आफ्नो, पराया त चिनिन्छ।
भूल हुनु नै पर्दो रहेछ
सबक त सिकिन्छ
दु:ख पर्नु नै पर्दो रहेछ
सुखको महत्व त बुझिन्छ
रात पर्नु नै पर्दो रहेछ
बिहानको झुल्को त देखिन्छ
औँसीको रातको सामना गर्नु नै पर्दो रहेछ
किनभने त्यसपछि पूर्नेको रात त फेरिन्छ।

धन्यवाद









TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कृष्णबहादुर गुरुङ
तथा लिलकुमारी गुरुङ
आजीवन सदस्य
तमु समाज युके




TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको
कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
कुलराज गुरुङ
तथा सरस्वती गुरुङ
अध्यक्ष, दुर्लुङ समाज युके



# लठ्ठी जस्तै सहारा बनौं

■ श्रीमती चन्द्रदेबी गुरुङ
प्लमस्टेट लण्डन
माईती गाउँ : धम्पुस, पुर्खौली घर : आँटीघर

लठ्ठी जस्तै सहारा बनौं,
सहारा बनी दिनु लठ्ठी जस्तै
निस्वार्थ भावले अरुको जीवनको सहारा बनौं लठ्ठी जस्तै,
अरुको जीवनको सहारा बनौं लठ्ठी जस्तै
जसको कुनै स्वार्थ छैन जसले कुनै भेदभाव गर्दैन
कति निस्वार्थ छ लठ्ठी, जसले अरुको जीवनलाई सहारा दिन्छ,
कसैलाई ठूलो स्यानो भन्दैन,
धनी गरीब भन्दैन बेसाहराहरूको सहारा बनौं लठ्ठी जस्तै
चाहे बच्चा होस या जवान होस बृद्धा बराबर सहारा दिन्छ
कुनै भेदभाव गर्दैन ।

चाहे जाडो होस या गर्मी हाम्रो साथमा हिंडी दिन्छ
कत्ति पनि गाहरो नमानी अरुको जीवनको लठ्ठी जस्तै सहारा बनौं।
लठ्ठीले कहिले पनि आफुले गरेको परिश्रम पनि माग्दैन
निःस्वार्थ भावले सेवा दिदै जानु हुन्छ,
भनिन्छ नी हाम्रो जीवन अरुको सहयोग र सहाराको लागि हो,
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं जस्तै
कहिले पनि राजनिती पनि गर्दैन,
जहाँ हजुरले लैजानु हुन्छ साथमा जानुहुन्छ
कुनै बहाना पनि बनाउँदैन लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं।
लठ्ठीबाट धेरै ज्ञान मिल्छ, हामीलाई जस्तै
यो संसारमा धनी, गरीब,
स्यानो ठूलो जातीय भेदभाव पनि कहिल्यै गर्दैन
सबैलाई समान दृष्टिले हेरिदिन्छ,
लठ्ठी जस्तै उच्च बिचार राखौं अरुको जीवनको सहारा बनौं।
हजुर जहाँ जानु हुन्छ छाँया बनि साथमा हिंडी दिन्छ
हजुर बस्नु भए बस्नुहुन्छ, हिंड्नु भए हिंडी दिन्छ
कति आज्ञाकारी छ लठ्ठी
कहिले पनि भोग लाग्यो,
तिर्खा लाग्यो भन्दैन कति ज्ञानी छ लठ्ठी,
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं।

कहिले पनि कसै सित झगडा गर्दैन
घाम पानी भन्दैन, उकाली ओराली भन्दैन
कहिल्यै पनि मलाई थकाई लाग्यो भन्दैन लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं ।
कतै लुकी पो जान्छ की, छोडेर पो जान्छ की भन्ने डर छैन
एकदमै अनुशासित र दयालु हुन्छ लठ्ठी
ऐना जस्तै सफा र सच्चा मनको हुन्छ लठ्ठी
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं ।
अँधेरी उजेली भन्दैन
कसैलाई धेरै, कसैलाई थोरै हैन बराबर सहारा दिन्छ
कति मायालु र दयालु छ लठ्ठी
कतै उडेर, छोडेर एक्लै बनाएर बेसाहरा बनाएर जान्छ की भन्ने डर छैन
हाम्रो जीवनको घनिष्ठ मित्र हो लठ्ठी,
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं।

लठ्ठीबाट धेरै प्रेरणा मिल्छ
हामीलाई सहारा बनी दिनु लठ्ठी जस्तै निस्वार्थ भावले सेवा गर्नु
अरुको जीवनको सहारा बनी दिनु
हजुरको साथ साथमा हजुरको गन्तव्यमा पुर्याई दिन्छ
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं
कति दयालु, कति महान, कति आज्ञाकारी छ लठ्ठी
निःस्वार्थ भावले अरूको सेवा गर्नु पर्दछ भन्ने
लठ्ठीबाट हामीलाई प्रेरणा मिल्छ
हाम्रो जीवनको आखिरी पलसम्म हामीलाई सेवा दिन्छ
हाम्रो साथमा रहिरहन्छ
निस्वार्थ भावले लठ्ठी जस्तै अरुको सेवा गरौं
कति महान छ लठ्ठी
लठ्ठी जस्तै अरुको जीवनको सहारा बनौं ।।



TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
केशरबहादुर राना
तथा श्रीमती टो माया राना
अध्यक्ष, तनहुँ समाज युके




TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन
अवसरमा समस्त देश विदेशमा
रहनुभएका नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू
तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
ओमप्रकाश गुरुङ
तथा बिनु गुरुङ
सल्लाहकार
तमु समाज युके

# Tamu Samaj UK donates £2062.00 to support Ukrainian War victims

**By Sanjaya Gurung**






On Saturday, 02 April 2022, Tamu Samaj UK held a small event to officially donate £2062.00 to London Lyceum Music Ltd to support humanitarian efforts for the people of Ukraine. This donation was raised from TSUK members and well-wishers over the course of 2 weeks. Tamu Samaj UK is proud to be one of the first Nepalese organisations in the UK to provide this type of financial assistance to Ukrainian war victims or displaced persons.

The event, opened by Tamu Samaj UK President Mr Shiva Kumar Gurung, commenced with a warm welcome to attendees and a brief introduction to TSUK's charitable endeavours. Following the introductions, a cheque









was presented to Mr Petru Cotracea and Mrs Kateryana Stepanova of London Lyceum Music Ltd.

Mr Cotracea, owner and director of London Lyceum Music Ltd, has been at the forefront of collecting donations in the UK. Over the past three weeks, they have organised and dispatched five truckloads of essential food and medicines sent directly from the UK to Ukraine. With regular incoming donations, further delivery of medicines and health care products are underway. Expressing gratitude during the event, Mr. Cotracea pledged to utilise the donation amount to purchase medicines and health items for distribution to the appropriate recipients among war victims or displaced persons.

उक्त कार्यक्रममा अध्यक्ष शिवकुमार गुरुङले तमु समाज युकेको तर्फबाट रोधी घर निर्माणको लागि नगद १ लाख ५ हजार सहयोग रकम अध्यक्ष हुमबहादुर गुरुङलाई हस्तान्तरण गरिएको थियो। साथै तमु धीं नेपालले निर्माण गरिरहेको गुरुङ जातिको पहिचान झल्किने संग्रहालयमा राख्नका लागि समाजको तर्फबाट गुरुङहरूको पुरानो नृत्य घांटु नाच नाच्दै गरेको आकृति (मूर्ति) राख्ने प्रतिवद्धता व्यक्त गरियो।

त्यसैगरी, तमू कलाकार संघ पोखराले विशेष कार्यक्रम आयोजना गरी अध्यक्ष सुरेन्द्र गुरुङले तमू समाज युकेका टोलीलाई सम्मान गरिएको थियो।



# तमु समाज युकेद्वारा ISLE OF WIGHT को एक दिने गृष्मकालीन भ्रमण

■ शिवशरण गुरुङ




सलि ट
[सुनारवरी]

शनिबार ८ जुलाई २०२३ का दिन तमु समाज युकेले समाजका सदस्यहरू तथा परिवारका लागि ISLE OF WIGHT को प्राकृतिक सुन्दरता तथा रमणीय सामुद्रिक तटहरूको अवलोकन गर्न एक दिनको गृष्मकालीन बस (कोच) भ्रमण आयोजना गऱ्यो।

बरहाम पार्क वेम्ब्लीबाट भन्डै दुई घन्टा बस (कोच)को यात्रा र एक घन्टा पानी जाहज (फेरि)को यात्रापछि पुगिने बेलायतको दक्षिणी तटको सुन्दर टापु ISLE OF WIGHT भ्रमणको आईटिनेरी चार भागमा विभाजित गरी घुम्ने, दृष्य अवलोकन र मनोरञ्जन गर्ने








सलि ट
[सुनाख्री]

योजना तय गरिएको थियो।

पहिलो बस तथा पानी जाहाजको यात्रा, दोस्रो निडल्स (Needles) को चेयरलिफ्ट राईड (Chairlift Ride) र पदयात्रा गरी अलुम बे पिएर (Alum Bay Pier) मनोरम दृष्यावलोकन र तेस्रो Brighstone स्थित Isle of Wight Pearl (मोती) बजारको अवलोकनसँगै अन्तमा पुनः बस र पानी जहाजको यात्रा गर्दै वेम्व्ली फर्कने रहेको थियो।

झन्डै ७० माईल परिधिको तटवर्ती क्षेत्र रहेको र एक घन्टा मोटर गाडी चढेर एक छेउबाट अर्को छेउ पुग्न सकिने सुन्दर टापु ISLE OF WIGHT को पश्चिम टुप्पोमा अवस्थित प्रमुख पर्यटकीय स्थल निडल्स (Needles) पुगेपछि सबैले चेयरलिफ्ट राईड र पद यात्रा गरी त्यहाँका सामुद्रिक तटवर्ती क्षेत्रहरूको मनोरम दृष्य अवलोकन गर्दै आनन्द लिएका थिए र त्यही स्थानमा भ्रमणमा सहभागी सबै यात्रुहरूले दिउँसोको खानपिन गरेका थिए।





दिउँसोको खाना लिइसकेपछि भ्रमण आईटिनेरीको तेस्रो भागमा Brighstone स्थित ऐतिहासिक Isle of Wight Pearl (मोती)को बजार अवलोकन गर्न पुगेका थिए। अनेकौ प्रकारका मोतीका गरगहना उत्पादन, प्रदर्शन र बिक्री वितरण केन्द्र रहेको उक्त ठाउँ इङ्लिस च्यानल (English Channel) को भव्य मनोरम दृष्य अवलोकन गर्ने महत्वपूर्ण स्थान पनि थियो। यहाँ भ्रमण मन्डलका केही दिदीबहिनीहरूले मोतीका गरगहना खरिद गरेर आनन्द लिए भने धेरैले पुतली चौरमा टहल्दै तटवर्ती क्षेत्रको ठाडो भिर तथा इङ्लिस च्यानलको भव्य मनोरम दृष्य अवलोकन गरेर भरपूर आनन्द लिएका थिए। त्यहाँबाट भ्रमणको अन्तिम भाग फर्कनुका निम्ति अपरान्ह चार बजे पानी जहाज (फेरि)मा चढ्नुपर्ने हुनाले East Cowes फेरि टर्मिनलतर्फ प्रस्थान गरेका थिए।



ISLE OF WIGHT भ्रमण गरिसकेपछि फर्कने क्रममा Red Funnel Ferries को झन्डै एक घन्टाको यात्रामा दिदीबहिनीहरूले खानपिन सहित टिकटक र नाचगान गरेर अति मनोरन्जन गरेका थिए। तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ, संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङ, पूर्वअध्यक्ष शिवशरण गुरुङ, निवर्तमान अध्यक्ष शिवचन्द्र गुरुङ, तमु धिं युकेका पूर्व अध्यक्ष सुवसिं गुरुङ, काउन्सिलर कमल गुरुङ, कोषाध्यक्ष खेमबहादुर गुरुङ, आमा समूहका अध्यक्ष उमादेवी गुरुङ, आमा समूहका पूर्वअध्यक्ष माया गरुङलगायत भ्रमण मण्डलमा कूल ३९ जना सदस्य, आमा दिदीबहिनी तथा परिवार सहभागी थिए।

भ्रमणको संयोजन र आयोजनामा समाजका अध्यक्ष, कोषाध्यक्ष, आमा समूहका अध्यक्षलगायत आमा दिदीबहिनीहरूको मुख्य भूमिका रहेको थियो।

बिहान ६:३० बजे सबेरै भ्रमणको सफलता र सफा मौसमको कामना गर्दै प्रार्थना गरेर Dhillon of London को आरामदायी कोचमा बरहाम पार्क वेम्ब्लीबाट आरम्भ भएको एक दिने गृष्मकालीन भ्रमणको यात्रा M25, M3 हुँदै बेलायतको प्रसिद्ध बन्दरगाह Southampton देखि East Cowes सम्मको Red Funnel Ferries मा सामुद्रिक यात्रा र त्यसपछि कोचमा ISLE OF WIGHT को विभिन्न मनोरम पर्यटकीय स्थलहरू तथा रमणीय सामुद्रिक तटवर्ती क्षेत्रहरूको अवलोकन गरिसकेपछि फर्कने क्रममा पुनः Red Funnel Ferries द्वारा East Cowes देखि Southampton सम्म यात्रा गरी M3 र M25 हुँदै बेलुका १९:३० बजे बरहाम पार्कमै फर्केर अन्त भएको थियो।






TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रक्षा गुरुङ
तथा जिता गुरुङ
आजीवन सदस्य, तमु समाज युके
पूर्व अध्यक्ष दुर्लुङ समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८०
पावन अवसरमा समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको
कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुम बहादुर गुरुङ
तथा
मन्जु गुरुङ
सल्लाहकार, तमु समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गंगा बहादुर गुरुङ
तथा
मेखमाया गुरुङ
कार्यसमिति सदस्य, तमु समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर
प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
नारायण सिंह गुरुङ
तथा योगमाया गुरुङ
मिडिया सचिव, तमु समाज युके,
अध्यक्ष, घान्द्रुक समाज युके



■ **नारायण सिंह गुरुङ**
संकलनकर्ता
फेलथम, लन्डन

# तलका भनाइहरू पढ्नुहोस र मनन गर्नुहोस्

१. "अविवाहितहरू प्रेमको प्रभावले ववर्वाद हुन्छन्, बिवाहितहरू प्रेमको अभावमा बर्वाद हुन्छन् ।"

२. "खान नपाएर थोरै मान्छे मर्छन्
खान नजानेर धेरै मान्छे मर्छन ।"

३. "धनी बन्न खोज्ने मान्छे अपराधी बन्छ
गुणी बन्न खोज्ने मान्छे धनी बन्छ ।"

४. "सुख खोज्नु पर्दैन, दुःखको सदुपयोग गरे पुग्छ ।"

५. "गरीब त्यो होइन जसले बिस्तरा किन्न सक्दैन, गरीब त त्यो हो जसको महँगो बिस्तरा भएर पनि सुत्न सक्दैन ।"

६. सबैभन्दा सस्तो औषधि हाँसो हो, यसको कमी भयो भने सबैभन्दा महंगो औषधि खान बाध्य भइन्छ ।"

७. "सबैथोक पाएर दुःखी हुनुभन्दा सबैथोक गुमाएर सुखी हुनु महान कुरा हो ।"

८. "भिन्नैखाले राजनेता नभएसम्म भिन्नै खाले राजनीतिको सम्भावना नै छैन ।"

९. "व्यापारीले कमाउन सकेन भने ऊ बर्वाद हुन्छ, राजनेताले कमाउन थाल्यो भने देश बर्वाद हुन्छ ।"

१०. "पुस्तक पढेर पनि जीवन बदलिँदैन भने त्यो पुस्तक होइन, त्यो अक्षर संग्रह मात्र हो या त्यो पाठक नै होइन, अक्षर गन्न मात्र हो ।"

११. "बहादुर त्यो होइन जो डराउँदैन, बहादुर त्यो हो जो डरका बावजुद पनि अघि बढ्न सक्छ ।"

१२. "सम्पति नभएर गरीब भइँदैन, भएको सम्पति नचिनेर गरीब होइन्छ ।"

१३. "यदि रोगबाट मुक्ति पाइँदैन भने अपार सम्पति भएर के, यदि रोगी छैन भने अपार सम्पतिको आवश्यकता के ।"

१४. "जसले आमा बाबुलाई प्रेम दर्शाउन सक्दैन, उसले आफ्नो छोराछोरीबाट प्रेम खोज्नु अपराध हो ।"

१५. "यदि धर्मबाट विज्ञानलाई झिक्दिने हो भने धर्म लङ्गडो बन्छ र विज्ञानमा धर्मलाई नजोड्ने हो भने विज्ञान अन्धो बन्छ ।"

१६. "हरेक पति पत्नीको ऐना हो, ऐना भित्रको चित्र बदल्नलाई आफू नबद्ली सुखै छैन ।"

१७. "तपाईको घर स्वस्थ्य रहन घरमा औषधिको पोको होइन, फलफूलको डोको ल्याउने गर्नुहोस ।"

१८. "थोरै दिनु पनि धेरै पाउनु हो ।"

१९. "प्रत्येक सफल पतिको पछाडि पत्नीको हात हुन्छ, त्यस्तै त्यो पनि सत्य हो कि हरेक असफल पतिको पछाडि पनि पत्नी कै हात हुन्छ । त्यसैले पतिलाई सफल बनाउनु वा असफल बनाउनुमा पत्नीको निकै ठूलो भूमिका हुन्छ । परिवारको जहाजलाई डुबाउने वा पार लगाउने भन्ने कुरा पत्नीमाथि निर्भर हुन्छ ।"

२०. "धन भनेको कम्पोष्ट मल जस्तै हो, यदि यसलाई धेरै ठाउँमा फैलायो भने यसले धेरै ठाउँको कल्याण गर्छ, यदि यसलाई एकै ठाउँमा थुपारेर राख्यो भने यसले दुर्गन्ध फैलाउने बाहेक अरु केही गर्दैन ।"

२१. "अर्कालाई सुख बाँड्नको लागि पहिले आफै सुखी बन्नु पर्दछ, कारण सुखीले मात्र सुख बाँड्न सक्छ दुःखीले होइन ।"

*माथि उल्लेखित भनाईहरू*
*मनोक्रान्ती दर्शनबाट लिएका हुन् ।*

# नेपाली मेला २०२२ : नृत्य प्रतियोगितामा तमु समाज युके प्रथम



■ शिवशरण गुरुङ
पूर्वअध्यक्ष, तमु समाज युके




नेपाली मेला २०२२ को नृत्य प्रतियोगितामा तमु समाज युके प्रथम स्थानमा बिजयी भई एम्बासडर कपमा तेस्रो स्थान प्राप्त गरेको छ।

'हाम्रो संस्कृति, हाम्रो पहिचान, हाम्रो गौरव, हाम्रो नेपाली मेला' भन्ने नाराका साथ नेपाली कला, संस्कार र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने, नेपाली कला, संस्कृति र पहिचानलाई मुलुक बाहिर परिचित गराउने, नेपाल पर्यटनको प्रवर्द्धन गर्ने, बेलायतमा रहेको नेपाली समुदायका विभिन्न संघसंस्था र समाजहरूबीच पारस्परिक सम्बन्धलाई सबल र सुमधुर बनाउने र नेपाली कलाकारहरूको प्रतिभाहरूलाई प्रदर्शन र विकास गराउने मुख्य उद्देश्य लिई प्रत्येक वर्ष तमु धिं एसोसिएसन युकेले आयोजना गर्ने रमाइलो बृहत नेपाली मेला २०२२ आइतबार २८ अगस्तका दिन लण्डनस्थित केम्प्टन पार्क रेसकोर्समा भव्यताका साथ सम्पन्न भयो।

नेपाली मेला २०२२ को तमु धिं युकेका अध्यक्ष हित काजी गुरुङ, प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत महामहिम ज्ञानचन्द्र आचार्य, गैरआवासीय नेपाली संघ युकेका अध्यक्ष प्रेम गाहा मगर, तमु धिं युकेका संस्थापक अध्यक्ष तथा पूर्वअध्यक्षहरू र वरिष्ठ उपाध्यक्ष तथा मेलाका संयोजक हरि गुरुङ लगायतका व्यक्तित्वहरूले संयुक्त रुपमा रिबन काटेर समुद्घाटन गरेका थिए।

तमु धि युकेको अध्यक्ष हित काजी गुरुङको अध्यक्षता र वरिष्ठ उपाध्यक्ष हरि गुरुङको संयोजकत्वमा महासचिव परशुराम गुरुङले सञ्चालन गरेको औपचारिक कार्यक्रममा प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदूत महामहिम ज्ञानचन्द्र आचार्य, नेपाली राजदूतावासको पदाधिकारहरू, नेपालको छिमेकी मुलुक भारत, पाकिस्तान र बंगलादेशका कुटनीतिज्ञहरू, स्थानीय नेपाली काउन्सिलरहरू, नेपालका प्रशिद्ध सञ्चार माध्यमका बरिष्ठ सञ्चारकर्मीहरू, स्थानीय सञ्चारकर्मीहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरूसहित बेलायतका थुप्रै नेपाली समुदायहरूबाट हजारौको



सलि ट
[सुनाखरी]




संख्यामा नेपालीहरूको उपस्थिति रहेको थियो। नेपाली मेला २०२२ मा तीन दर्जनभन्दा बढी नेपाली संघसंस्थाहरूले विभिन्न नेपाली कला, संस्कार र संस्कृति झल्काउने झाँकी र नृत्यहरू प्रदर्शन गरेका थिए।


नेपाली मेला २०२२ मा तमु समाज युकेले उत्कृष्ट नृत्य प्रदर्शन गरी नृत्य प्रतियोगितामा पहिलो स्थान हासिल गरेका थिए। यसैगरी झाँकी प्रतियोगितामा सिक्लेस पार्चे समाज युके पहिलो स्थानमा विजयी बनेको थियो। यस वर्षको एम्बासडर कप घान्द्रुक समाज युकेले जितेको छ र प्रथम पुरस्कारको ट्रफी, नगद ११ सय पाउन्ड, प्रमाणपत्र र मेडल प्राप्त गरेको छ। एम्बासडर कपको दोस्रो स्थान सिक्लेस पार्चे समाज युके र तेस्रो स्थान तमु समाज युकेले हात पारेको छ। दोस्रो र तेस्रो हुनेलाई क्रमशः ७०० पाउन्ड र ५०० पाउन्ड नगद पुरस्कार तथा प्रशंसापत्र प्रदान गरिएको थियो। घान्द्रुक समाज युकेले एनआरएनए कप पनि प्राप्त गरेको छ।

मेलामा किरात राई यायोक्खा युकेले झाँकी र नृत्य दुवै प्रतियोगितामा तेस्रो स्थान हासिल गर्न सफल भएको छ। प्रतियोगितामा किरात याक्थुङ चुम्लुङ युके र चार भन्ज्याङ तमु समाज युके दुवैले सान्त्वना पुरस्कार प्राप्त गरेका छन्।

नेपाली राजदूतावास लण्डनले प्रायोजन गरेको एम्बासडर कप नेपाली कला, संस्कार, संस्कृति र पहिचानलाई संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न तमु धिं युकेले हरेक वर्ष आयोजना गर्ने नेपाली मेलाको अवसरमा सांस्कृतिक झाँकी र नृत्य प्रस्तुतिको मूल्याङ्कन गरी प्रथम हुने समाज वा संघसंस्थालाई पुरस्कृत गरिन्छ।

यसवर्ष नेपाली मेलाको झाँकी प्रतियोगिताको निर्णायक मण्डलमा बिमला सेने, गोमा राना, प्रमिला लाबुङ राई, पदम गुरुङ र कल्पना राई थिए। यसैगरी, नृत्य प्रतियोगिताको निर्णायक मण्डलमा सरु गुरुङ राना, कृष्ण गुरुङ र कविता घर्ती मगर गुरुङ रहेका थिए। झाँकी तथा नृत्य प्रतियोगिताको उद्घोषकद्वय सूर्य गुरुङ र योगेश गुरुङलाई






अन्य महिला उद्घोषिकाहरूले सघाएका थिए।

तमु सामज युकेले नेपाली मेलाको एम्बासडर कपमा भाग लिन अध्यक्ष शिव कुमार गुरुङको संयोजकत्वमा तमु समाज युकेको रंगीचंगी झाँकी समूह आयोजकको निर्धारित समयमा तालिका र निर्देशन अनुसार अन्य दर्जनौ संघसंस्थाहरूको झाँकी समूहका साथ ठूलो उत्साहपूर्वक आफ्नो कला र संस्कृतिको प्रदर्शन गर्न उपस्थित भएका थिए। तमु समाज युकेले यस वर्षको नेपाली मेलामा तमु (गुरुङ) भेषभुषामा सजिएर ठूलो संख्यामा "नेपाली मेलामा सहभागी बनौं, हाम्रो कला संस्कृतिको जगेर्ना गरौं" भन्ने मूल मर्मलाई आत्मसात गर्दै कौरा नाच सहितको तमु सांस्कृतिक झाँकी सगौरव प्रस्तुत गरेका थिए।

नेपालका आदिवासी जनजाति समुदायका मगर, गुरुङ र दुरा समुदायमा प्रचलित प्रमुख लोकनाचहरूमध्ये कौरा नाच एक पर्दछ। यो कौरा नाच धार्मिक तथा सामाजिक लोकनाच हो। यो नाच नेपालको मध्य-पश्चिम क्षेत्रका पाल्पा, तनहुँ, लमजुङ र गोर्खा जिल्लाहरूमा विशेष गरी नाच्ने गरिन्छ।

नेपाली मेलाको प्रमुख अकर्षणहरूमध्ये एक सांस्कृतिक नृत्य प्रतियोगितामा तमु समाज युकेले सरु गुरुङ रानाको कोरियोग्राफीमा तयार पारिएको नेपाली समुदायमा सदियौदेखि विभिन्न परिस्थितिले आफ्नो परिवारको सदस्यहरू लाहुरे बनेर विदेश यात्रामा निस्कनुपर्ने र परिवारसँग लामो समय छुट्टिनुपर्ने बियोगान्त परिघटना गीत, संगीत




र झोरा नृत्यको माध्यमबाट चित्रण तथा प्रदर्शन गराउने जमर्को गरेका थिए।

तमु समाज युकेको प्रस्तुती झोरा सांस्कृतिक नृत्यले दर्शकहरूलाई अत्याधिक मनोरन्जन गराएका थिए। तमु समाज युकेको नृत्यमा भाग लिने कलाकारहरूमा ओसिएन, दिया, प्रज्जु, सुमी, झरिना, निया, जिरिसा, सुजता र गीत तथा संगीतमा भाग लिनु हुने श्रीमती सूर्यकुमारी गुरुङ, श्रीमती लिलकुमारी गुरुङ, श्रीमती कुबिन्धर गुरुङ, सुश्री बिजु गुरुङ, अर्जुनकुमार गुरुङ, ज्ञानबहादुर गुरुङ, धरमबल गुरुङ, सुव घले, उदय गुरुङ, खेमबहादुर गुरुङ, सन्तोक गुरुङ, गोपाल गुरुङ, सुवास गुरुङ र प्रज्वल गुरुङ रहेका थिए। श्रीमती सरु गुरुङ रानाको नृत्य कोरियोग्राफीमा संगीतको संयोजन तथा निर्देशन कुमार गुरुङले गरेका थिए।

तमु समाज युकेले लामो समयको अन्तरालपछि गत वर्षको नेपाली मेलामा झाँकी र नृत्य दुवै इभेन्टमा प्रसंशनीय सहभागिता जनाए पनि प्रतियोगितामा भाग लिएको थिएन। यस वर्ष झाँकी र नृत्य दुबै इभेन्टको प्रतियोगितामा भाग लिई नेपाली मेला २०२२ को नृत्य प्रतियोगितामा प्रथम र एम्बासडर कपमा तेस्रो स्थान हासिल गरेकोमा तमु समाज युकेका सम्पूर्ण सदस्यहरू ज्यादै हर्षित भएका छन्।

नेपाली कला संस्कृति र नेपाली पहिचानको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा अझ बढी सक्रिय र जिम्मेवारीका साथ अगाडि बढ्ने हौसला र प्रेरणा थपेको छ। हामी नेपाली जुनसुकै कारणहरूबाट विश्वको जुनसुकै मुलुकमा रहनुपरेता पनि हामीलाई आफ्नो देश नेपालको अघात माया गर्दछ। नेपाल र नेपाली काल, संस्कृति र पहिचानको संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको साझा दायित्व र कर्तव्य ठान्दछ। त्यसैले सम्पूर्ण बेलायतबासी नेपाली समुदायहरूलाई एकतावद्ध भई नेपाल र नेपालीको कला, संस्कृति, संस्कार र पहिचानको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा एकापसमा सहयोग, सहकार्य, सहभागिता र योगदान गरिदिनको निम्ति तमु समाज युके सबैलाई विनम्रताका साथ हार्दिक अपील गर्दछ।



नेपाली मेलामा बेलायतमा रहेका नेपाली समुदायका विभिन्न संघसंस्थाहरूले प्रस्तुत गरेका विभिन्न नेपाली लोक नृत्य, कला र सांस्कृतिक झाँकीहरूबाट सिङ्गै नेपाल बेलायतमा देख्न पाएका थिए। नेपाली मेलामा सबैले आ-आफ्नो मौलिक कला, संस्कार र संस्कृति प्रदर्शन गर्ने अवसर प्राप्त गरेको छ। यसैगरी नेपाली मेला सबैले आ-आफ्नो व्यापार व्यवसायको प्रचार-प्रसार तथा प्रवर्द्धन गर्ने थलो बनेको छ।

यस वर्ष नेपाली मेला २०२२ मा मेला भर्नेहरूका मनोरन्जनका लागि प्रवेश टिकटको राफल ड्रमा प्रथम पुरस्कार एक तोला सुन सहित अन्य पुरस्कारहरू पनि राखिएको थियो। मेलामा नेपालका चर्चित गायिका तारा श्रीस मगर र गायक दिपक लिम्बुले सांगीतिक प्रस्तुति दिएका थिए।

मेलामा विभिन्न नेपाली खानाका परिकारहरू पस्कने थुप्रै भोजनका स्टलहरू, पेय पदार्थ बिक्री गर्ने स्टलहरू र सूचना, सेवा तथा सुविधा उपलब्ध गराउने व्यापारिक र हस्तकलाका स्टलहरूमा सबै पुस्ताहरूले उत्तिकै मात्रामा अनन्दसँग खाने, पिउने, खेल्ने र हेर्नुको सँगसँगै विभिन्न ज्ञानवर्द्धक जानकारीहरू पनि प्राप्त गरेका थिए। नेपाली कला, संस्कृति र पहिचानको संरक्षण र सम्वर्द्धन, नेपाल पर्यटन विकासमा प्रवर्द्धन गर्नुको अतिरिक्त यो नेपाली मेला बेलायतभर छरिएर रहेका सबै नेपालीहरूको निम्ति धेरै साथीभाई, ईष्टमित्र र आफन्तजनहरूसँग एउटै थलोमा भेटघाट र मनोरंजन गर्ने सुवर्ण अवसर पनि बनेको थियो। यसको निम्ति तमु धिं युकेलाई हार्दिक बधाइ तथा धन्यवाद दिँदै आगामी वर्षहरूमा अझै परिमार्जित र बृहत रुपमा नेपाली मेलाको आयोजना होस भन्ने शुभकामना पनि व्यक्त गर्दछु।




TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सनमन गुरुङ
तथा मन्जु गुरुङ
आजीवन सदस्य तमु समाज युके
पूर्व अध्यक्ष, रामबजार सोसाइटी, युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
इमान घले
तथा
दानुमाया घले
सल्लाहकार, तमु समाज युके

सलि ट
(सुनाखरी)

# तमु समाज युकेद्वारा पाकिस्तानका बाढी पीडितका लागि २१२५ पाउन्ड सहयोग




सलि ट
[सुनाखरी]

तमु समाज युकेले लन्डनको वेम्ब्ली बरहाम पार्कस्थित नेपलिज कम्युनिटी सेन्टरमा ४ फेब्रुअरी २०२३ का दिन पाकिस्तानी बाढी पीडितहरूका लागि राहत सहयोग रकम हस्तान्तरण गरिएको छ।

तमु समाज युकेले पाकिस्तानी बाढी पीडितहरूको सहयोगार्थ गत वर्ष २०२२ को अक्टोबर महिनामा आफ्ना सदस्यहरू तथ शुभचिन्तकहरूबाट संकलन गरिएको उक्त राहत सहयोग रकम पाकिस्तानी बाढी पीडितहरूका लागि लन्डन ब्रेन्टमा राहत संकलन कार्यको संयोजन गरिरहेका लन्डन बरो अफ ब्रेन्ट काउन्सिलका Councillor Ishma Moeen मार्फत Indus Hospital Charity UK लाई हस्तान्तरण गरेको हो।

उक्त सहयोग रकम Indus Hospital Charity UK द्वारा पाकिस्तानी बाढी पीडितहरूका लागि आवश्यक औषधि तथा औषधि उपचारका सामग्री खरिद गर्न प्रयोग गरिने बताएका छन्।




सहयोग रकम हस्तान्तरण गर्नका लागि लन्डन बरो अफ ब्रेन्ट काउन्सिलका Councillor Saqib Buttले विशेष समन्वयकारी भूमिका निर्वाह गरेका थिए। राहत हस्तान्तरण कार्यक्रममा ब्रेन्ट काउन्सीलका पाँच जना काउन्सिलरहरू Cllr Saqib Butt, Cllr Ishma Moeen, Cllr Teo Benea, Cllr Ihtesham Afzal र Cllr Ajmal Akram उपस्थित हुनुहुन्थ्यो भने तमु समाज युकेबाट समाजका अध्यक्ष शिवकुमार गुरुङ, उपाध्यक्ष हर्कबहादुर गुरुङ, महासचिव धरम बल गुरुङ, सल्लाहकारहरू सुवसिङ गुरुङ बिईएम, यामबहादुर गुरुङ, कन्याप्रसाद गुरुङ, केदारबहादुर गुरुङ, कार्यसमितिका सदस्यहरू हरिमान गुरुङ र गंगाबहादुर गुरुङ उपस्थित थिए।

सहयोग हस्तान्तरण कार्यक्रमका संचालक तथा समाजका महासचिव धरम बल गुरुङले तमु समाज युकेले विगतमा गरेका परोपकारी कार्यहरूबारे संक्षेपमा जानकारी दिए भने समाजका अध्यक्ष शिवकुमार गुरुङले उपस्थित सबै काउन्सिलरहरू र समाजका पदाधिकारीहरूलाई कार्यक्रममा हार्दिक स्वागत गर्दै गरिमामय उपस्थितिका लागि धन्यवादसहित आभार व्यक्त गरेका थिए। त्यसपश्चात् तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङले राहत रकम पाकिस्तानी बाढी पीडितहरूको सहयोगका लागि Indus Hospital Charity UK को नाममा २१२५ (दुई हजार एकसय पच्चीस) पाउन्डको चेक संयुक्त रुपमा Cllr Ishma Moeen, र Cllr Saqib Butt लाई हस्तान्तरण गरेका थिए।

कार्यक्रममा Cllr Saqib Butt ले तमु समाज युकेद्वारा गरेका परोपकारी कार्यहरूको प्रशंसा गर्दै पाकिस्तानी बाढी पीडितहरूका लागि राहत संकलन गरिदिएकोमा आभारसहित हार्दिक धन्यवाद व्यक्त गरेका थिए। यसैगरी ब्रेन्ट काउन्सिल तथा







लन्डनबाट पाकिस्तानी बाढी पीडितहरूको लागि राहत संकलन कार्यको संयोजन गरिरहेका Cllr Ishma Moeen ले पनि तमु समाज युकेको सदस्यहरू, शुभचिन्तकहरू र सिङ्गो समुदायप्रति उदारभावको उच्च सराहना गर्दै धन्यवाद व्यक्त गरेका थिए ।

यो सहयोग रकमले Indus Hospital Charity UK ले पाकिस्तानी बाढी पीडितहरूका परिवार, महिला तथा बालबालिकाहरूका लागि ठूलो राहत पुग्ने विश्वास लिएको छ ।

कार्यक्रमको अन्तमा समाजका महासचिव धरम बल गुरुङले राहत संकलन कार्यमा सहभागी भई आर्थिक सहयोग गर्ने समाजका सम्पूर्ण दानवीर सदस्यहरू, कार्यक्रममा उपस्थित सबै काउन्सिलरहरू तथा समाजका पदाधिकारीहरूलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गरेका थिए ।








# मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



**याम बहादुर गुरुङ**
तथा
**मन कुमारी गुरुङ**
सल्लाहकार, तमु समाज युके

# मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को
पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको
कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।




**ले.रि. मिम बहादुर गुरुङ तथा आश कुमारी गुरुङ**
पूर्व उपाध्यक्ष सल्लाहकार, तमु समाज युके



TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारे आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
टुक बहादुर गुरुङ
तथा
निर्मला गुरुङ
आजीवन सदस्य, तमु समाज युके




TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को
पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर
प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
पूर्ण घले
तथा टुलिमाया घले
आजीवन सदस्य, तमु समाज युके



■ श्रीमती पार्वती गुरुङ

# कोभिड १९ को संक्रमण कालमा नेपालमा मैले भोगेको अविस्मरणीय क्षण

सलि ट [सुनारवरी]

नेपाललाई शान्तिको अग्रदूत भगवान गौतम बुद्ध जन्मेको देश, विश्वको उच्च शिखर सगरमाथा र वीर गोर्खाको देश भनेर विश्वमा चिनिन्छ । त्यही गर्विलो परिचय भएको, प्रकृति र संस्कृतिले सुसजित सुन्दर देश नै भए पनि बाध्यताले विदेशिएर विकशित मुलुक युके कर्मभूमि बन्न पुग्यो । भौतिक रूपमा कर्मभूमिमा रहेतापनि जन्मभूमिको माया औधी लागिरहन्छ ।

जन्म दिने बाबा आमा र जन्मभूमि कहिल्यै बिर्सन सकिँदैन रहेछ, जीवनभर शिरोपर रहिरहन्छ । मान्छे सामाजिक प्राणी भएको हुनाले समाजमा रहेर विभिन्न कर्म गरिरहन्छ र सामाजिक भावना, वातावरण प्राप्त गर्नेहरूले समाज सेवा समेत गर्दै आएका छन् । यही सामाजिक भावना भएकै कारण हामीले पनि कर्मभूमिमा रहेर पनि विभिन्न सामाजिक संघसंस्थासँग आबद्ध भई कर्मभूमि र जन्मभूमिको लागि सक्दो सेवा गर्दै आएका छौं ।

जन्मभूमिका लागि केही सहयोग गर्नु पर्दछ भन्ने विचारले बेलायतमा हुने विभिन्न मेला महोत्सवहरूमा जूनकीरी च्यारिटी नामबाट माया, बत्ती, रमिला र म पार्वती गुरुङ मिली दाज्यूभाइ, दिदीबहिनी, छोराछोरी र आफन्तहरूको सहयोगमा चना चटपट, चिया, काँक्रो बिक्री गरी केही रकम संकलन गरेका थियौ ।

मेरो युके बसाईको २१ वर्षमा हरेक वर्ष जन्मभूमि नेपाल घर बिदामा जाने आउने गरेर परिवार, इष्टमित्र र साथीभाईहरूसँग भेटघाट मात्र गर्ने गर्दथ्यो । तर सन् २०२० को नेपाल भ्रमण भने जूनकीरी च्यारिटीमा संकलित रकम हस्तान्तरण गर्ने उद्देश्य लिएर गएका थियौँ ।

च्यारिटीको रकममध्ये निर्वतमान गृहमन्त्री तथा सांसद रवि लामिछानेको विशेष पहलमा रास्कोटमा निर्माणाधीन अस्पतालको लागि ३ लाख रुपैयाँ र पोखराको दोबिल्लामा रहेको सहारा एकेडेमीको लागि १ लाख रुपैयाँ र अरू २ लाख थोरैथोरै भए पनि अन्य बिपन्न वर्गलाई हस्तान्तरण गर्ने योजनाका साथ माया, बत्ती र म पार्वतीसँगै नेपाल पुगेका थियौं । मार्च ६ तारिख २०२० मा नेपाल प्रस्थान गरेका हामीहरू मार्च २९ तारिख २०२० को दिन युके फर्कनुपर्ने थियो ।

**मान्छे सामाजिक प्राणी हो । ऊ समाजमा रहेर विभिन्न कर्म गरिरहन्छ र सामाजिक भावना, वातावरण प्राप्त गर्नेहरूले समाज सेवा समेत गर्दै आएका छन् । यही सामाजिक भावना भएकै कारण हामीले पनि कर्मभूमिमा रहेर पनि विभिन्न सामाजिक संघ संस्थासँग आवद्ध भई कर्मभूमि र जन्मभूमिको लागि सक्दो सेवा गर्दै आएका छौं ।**

दुर्भाग्यवस कोभिड १९ कोरोना भाइरसको संक्रमण विश्वभर फैलिएका कारण नेपाल सरकारले पनि लकडाउन घोषणा गर्यो, जसले गर्दा हामी तीन महिनासम्म नेपालमा बस्नु परेको थियो । लकडाउनको घोषणा भएपश्चात स्थानीय सरकारको नीति निर्देशन नियमहरू सबै जनताले कडाईका साथ पालन गर्नुपर्ने आवश्यक लागेर तीन-चार दिन त हामी पनि घर परिसरमा नै बसी समय ब्यतित गरेका थियौं । सरकारले लकडाउन नीति जारिगरेको केही दिनपश्चात जनताहरू पनि बाध्य भएर चुलोचौको चलाउनका लागि लकडाउनको बावजुद पनि बाहिर निस्केको थियो ।

हामी पनि बिस्तारै बिहान बेलुका सडकमा निस्केर हिँडडुल गर्न थाल्यौं । बाहिर निस्कँदा सडक र भित्री बस्तीहरूमा असहाय, निमुखा र दीर्घ स्वास्थ्य समस्यामा भएकाहरू निकै कष्टकर अवस्थामा देख्यौं । जन्मभूमि सुन्दर शहर पोखराको सडक, गल्ली र सुकुमबासी बस्तीहरूमा भएको उनीहरूको अवस्थाले केही नगरिकन बस्न हाम्रो मन मानेन ।

उनीहरूको पीडामा हाम्रो मन दुख्यो । जसका कारण सिधा सहयोग पीडितसमक्ष भन्दै माया र म आफूसँग भएको थोरै भए पनि लिएर असहाय, पीडित र स्वास्थ्य समस्यामा रहेकाहरूलाई सहयोग गर्दै सामाजिक सञ्जाल फेसबुकमा लाईभ प्रसारण गरेका थियौ । उक्त लाईभ प्रसारणले गर्दा हाम्रो फेसबुकका साथीहरू र आफन्तहरूले समस्यामा रहेकाहरूलाई सहयोग गर्ने घोषणा गर्दै जानु भयो ।

नेपाल, युके, हङकङ, अमेरिका, पोर्चुगल, भारत लगायतबाट क्रमिक रूपले सहयोग रकमहरू आउने क्रम पनि सुरु भयो । हामीले व्यक्तिगत रूपमा सहयोगको सुरुआत गरेका थियौं तर सहयोगी हातहरू थपिँदै जाँदा सिधा सहयोग माइला कान्छा लकडाउन राहत सहयोग अभियान नाम दिएर नै आउन थाल्यो ।

निम्न लागेको चुल्हो, निम्न वर्ग, असहाय, अपाङ्ग, सुत्केरी, एकल महिला, मजदुर लगायतलाई करिब १३ सयभन्दा बढीलाई २५ लाख रुपैयाँभन्दा बढी रकमको खाद्यान्न र नगद नै वितरण गरियो । एकै दिनमा ३, ४ ठाउँमा सामूहिक रूपमा दीर्घ स्वास्थ्य समस्या एवं अति असक्तहरूलाई सहयोगी हातहरूको राहत सहयोग घरघरै पुऱ्याउने कार्य दैनिकी जस्तै बन्यो । सहयोगीहरूको सहयोगलाई पारदर्शी

ढंगले वास्तविक समस्यामा परेकाहरूको हातमा पुऱ्याउन सक्दो पहल गरेको थियो ।

कोभिड १९ संक्रमण तथा महामारी रोकथामको लागि नेपाल सरकारद्वारा घोषणा गरेको लकडाउनका कारण कठिन अवस्थामा पुगेको असहाय, आशक्त, निम्न वर्ग र निमुखाहरूलाई बोराका बोरा चामल, तेल नुन, दाल, मस्यौरा लगायतका खाद्यान्न र नगद समेतको वितरणले निरास अनुहारहरूमा देखिने मुस्कानले माइला कान्छा लकडाउन राहत सहयोग अभियानका अभियन्ता हामीहरूलाई अत्यन्तै खुशीको अनुभूति हुन्थ्यो । जसलाई राहत आवश्यक थियो उनीहरूलाई सहयोग प्रदान गर्दा उनीहरूको अन्तरात्माबाट दिएको धन्यबाद सबैभन्दा ठूलो सम्मानको महशुस हुन्थ्यो ।

कोरोना संक्रमणको त्रासले वातावरण आक्रान्त थियो तर बिहान बेलुका हातमुख जोड्न पनि बन्द हुने अवस्थामा बस्तीबस्तीहरूको अवस्थाले हामीलाई कोरोना संक्रमणको भय, त्रासले केही रहेन र हाम्रो अर्जुनदृष्टि गरिब जनताको घरमा चुल्हो निभ्न हुँदैन भन्नेमा केन्द्रित थियो । स्वास्थ्य समस्या भएकाहरू कम्तीमा पनि औषधोपचारबाट वञ्चित नहोस भन्ने नै थियो । त्यसैले बिहानदेखि बेलुकासम्म सहयोगीहरूले पठाउनुभएको सहयोग एउटा पुलको माध्यम बन्दै १८ घण्टाको खटानमा पनि कुनै थकान महशुस भएन ।

यस अभियानमा हामीलाई साथ दिन आफन्तजन, साथीभाई, देश विदेशबाट धेरै जनाले सहयोग गर्नुभएको थियो । सहयोगीहरूलाई अन्तर मनदेखि धन्यवाद । हामीले यहाँहरूको सहयोग पारदर्शी ढंगले सामाजिक सञ्जाल फेसबुकमा समेत प्रत्यक्ष प्रसारण गरेर वितरण गरेका थियौं । उक्त कार्यको विभिन्न क्षेत्रबाट प्रशंसा बटुल्न सफल भएका थियौं । यसरी प्राप्त प्रशंसाहरूबाट हामीलाई सत्कर्ममा लागिरहने र सकारात्मक सोचका साथ क्रियाशील रहनका लागि थप उर्जा प्राप्त भयो ।

यस पटकको नेपाल बसाई अति नै अविस्मरणीय रह्यो । यसै क्रममा हामीले सञ्चालन गरेको राहत संकलन तथा वितरण अभियानलाई तमु समाज युकेबाट २ लाख रुपैयाँ, मर्दिखोला समाज युकेबाट २ लाख रुपैयाँ र साउथ इष्ट रिजनल तमु धीं युकेको तर्फबाट १ लाख रुपैयाँ बराबरको पिपई, मास्क र सेनिटाइजर खरिद तथा वितरणको लागि सहयोग प्राप्त भएको थियो । यसैक्रममा विभिन्न व्यक्तिहरूबाट पनि व्यक्तिगत रुपमा आर्थिक सहयोग प्राप्त भएको थियो । प्राप्त सहयोगलाई म र मेरो सहयात्री तमु समाज युके आमा समूहका पूर्वअध्यक्ष श्रीमती माया गुरुङको नेतृत्वमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी क्षेत्रीय अस्पतालका निर्देशक डा. अर्जुन आचार्य र डीन डा. नरेन्द्रविक्रम गुरुङलाई हस्तान्तरण गरेको थियो ।

यसरी समाज र सम्पूर्ण दाताहरूले हामीलाई विश्वास गरी राहत वितरण गर्ने जिम्मेवारी दिनु हुँदा मनमा एक किसिमको सुखद अनुभूति भएको थियो । कोभिड १९ संक्रमण कालमा नेपाल बसेर राहत वितरण गर्ने क्रममा नेपाली समाज र नेपाल सरकारको प्रशासनिक कार्यसैलीलाई नजिकबाट बुझ्ने मौका पाएको थियो ।

जब-जब देशमा बिपत्ति आउँछ, दैवी प्रकोप र महामारीले देशबासी दीनदुखीहरूलाई सताउने गर्दछ । त्यस्तो कठिन समयको सामना गरिरहेका नेपालीहरूलाई राहत पुऱ्याउनका लागि माइला कान्छा अभियान सुरु गरेका थियौं । उक्त अभियानबाट देश विदेशमा रहेका नेपालीहरूबाट सहयोग संकलन गरेर दीनदुखीहरूलाई राहत वितरण गर्ने कार्य गरेका थियौ । उक्त विशम परिस्थितिमा हामीले सञ्चालन गरेको माइला कान्छा अभियानलाई सफलतापूर्वक सम्पन्न गर्नको निमित्त खुला हृदयले सहयोग गर्नु हुने सहयोगी महानुभावहरू, विभिन्न संघसंस्थाहरू, स्थानीय सरकार तथा प्रशासनप्रति हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्दछौं । तीन महिनाको नेपाल बसाईका क्रममा विभिन्न मनकारी व्यक्तिहरू र संघसंस्थाहरूसँग समन्वय गरेर कठिन समयको सामना गरिरहेका दीनदुखीहरूलाई राहत प्रदान गरिएको थियो । उक्त राहत अभियानबाट ठूलो संख्यामा विपन्न वर्गमा रहेका परिवारले राहत प्राप्त गरेको थियो । यसरी प्रदान गरेको सहयोग मेरो जीवनमा सदासर्वदा अविस्मरणीय क्षणको रूपमा रहिरहेको छ ।

**कोभिड १९ संक्रमण तथा महामारी रोकथामको लागि नेपाल सरकारद्वारा घोषणा गरेको लकडाउनका कारण कठिन अवस्थामा पुगेको असहाय, आशक्त, निम्न वर्ग र निमुखाहरूलाई बोराका बोरा चामल, तेल नुन, दाल, मस्यौरा लगायतका खाद्यान्न र नगद समेतको वितरणले निरास अनुहारहरूमा देखिने मुस्कानले माइला कान्छा लकडाउन राहत सहयोग अभियानका अभियन्ता हामीहरूलाई अत्यन्तै खुशीको अनुभूति हुन्थ्यो ।**


मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





उदय गुरुङ
पूर्व कोषाध्यक्ष तथा सल्लाहकार
तमु समाज युके तथा
बिमला गुरुङ
निवर्तमान कोषाध्यक्ष आमा समूह, तमु समाज युके


सलि ट
(सुनारखरी)

सलि ट
[सुनाखरी]

# मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





**चन्द्र बहादुर गुरुङ**
**तथा**
**सुर्य कुमारी गुरुङ**
सल्लाहकार, तमु समाज युके

# मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा समस्त देश विदेशमा
रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





**क्या.रि. नारायण बहादुर गुरुङ (MVO)**
आजीवन सदस्य, तमु समाज युके,
पूर्व अध्यक्ष, साउथ ईस्ट रिजिनल तमु घिं प्लमस्टेड
**तथा चन्द्रदेवी गुरुङ**
आजीवन सदस्य, तमु समाज युके, चेलीबेटी
प्रमुख कोने घोताने घोन्डे गुरुङ समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारे आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
जङ बहादुर गुरुङ
तथा मिरा देवी गुरुङ
कार्यसमिति सदस्य, तमु समाज युके,
अध्यक्ष, आर्थर पञ्चकोशी समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को
पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर
प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।
पदम गुरुङ
अध्यक्ष
तमु कलाकार संघ मञ्च युके



- Sanjay Gurung

# Preserving our native language: Tamu Samaj UK's Nepali Language Classes for Children

सलि ट
[सुनाखरी]






The children are studying Nepali language in their class.



One of Tamu Samaj UK's main objective as a charity organisation is to preserve our unique Nepali heritage among the younger generation in the UK. The importance of language in preserving culture and fostering a strong sense of identity cannot be overstated. Tamu Samaj UK recognises this and has dedicated resources and efforts to provide an educational platform for the younger generation to learn and embrace the Nepali language.

Every Saturday, the Tamu Samaj UK community hall comes alive with the laughter and learning of students attending free Nepali language classes. Saturday lessons allows flexibility for parents and children to attend without disrupting their regular weekday school routines.

The Nepali language classes are inclusive and provide supportive learning environment for children of different levels of confidence in Nepali. The classes are conducted by dedicated and passionate instructors who understand the significance of imparting language skills with cultural context. The curriculum goes beyond the basics of grammar and vocabulary, incorporating elements of Nepali history, folklore, and traditions.

The classes are not just a mere language learning opportunity; they are a bridge between generations, connecting the children residing in UK with the rich tapestry of Nepali culture, traditions, and values.

Funding for these language classes is entirely provided by Tamu Samaj UK, showcasing the organisation's commitment to investing in the cultural education of the younger generation. By shouldering the financial responsibility, Tamu Samaj UK ensures that every child, regardless of their family's economic situation, has access to these invaluable language classes.

The class is also held in Tamu Samaj UK's community hall, free of charge to serve as a hub for cultural exchange, where families come together to celebrate their heritage and strengthen the bonds that connect them.

**The Nepali language classes are inclusive and provide supportive learning environment for children of different levels of confidence in Nepali.**

Tamu Samaj UK recognises the long-term impact of this initiative. Beyond the immediate benefits of language proficiency, these classes contribute to a stronger and more resilient Nepali community in the UK.

The children who participate in these classes are not just learning a language; they are becoming cultural ambassadors, carrying forward the legacy of their ancestors into the future.

Through these classes, Tamu Samaj UK is sowing the seeds of cultural pride, ensuring that the Nepali heritage continues to thrive and resonate through the generations to come.


मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू
तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
युक्त बहादुर गुरुङ
आजीवन सदस्य तमु समाज युके
निवर्तमान अध्यक्ष सोपाल समाज युके
तथा पुष्प गुरुङ
पूर्व उपाध्यक्ष, आमा समूह
तमु समाज युके


मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन
अवसरमा समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
जुम प्रसाद गुरुङ
आजीवन सदस्य, तमु समाज युके
तथा पार्बती गुरुङ
आजीवन सदस्य, तमु समाज युके
संस्थापक उपाध्यक्ष, सोपाल समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू
तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बेन कुमार गुरुङ
तथा तारा गुरुङ
आजीवन सदस्य तमु समाज युके,
अध्यक्ष, चार भन्ज्याङ तमु समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८०
को पावन अवसरमा समस्त देश
विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खेम बहादुर गुरुङ
कोषाध्यक्ष, तमु समाज युके
तथा भद्र कुमारी गुरुङ
कार्यसमिति सदस्य, तमु समाज युके

सलि ट
[सुनाखरी]

# तमु समाज युकेले मनायो २५६७औं बुद्ध जयन्ती

■ **शिवशरण गुरुङ**, वेम्ब्ली लन्डन



तमु समाज युकेले शनिवार २९ अप्रिल २०२३ का दिन २५६७औं बुद्ध जयन्ती मनायो। सो अवसरमा दोमाङ पूजा कार्यक्रम समेत सम्पन्न गरियो। सो कार्यक्रम लन्डनको वेम्ब्ली बरहाम पार्कस्थित तमु समाज युके नेपालीज कम्युनिटी सेन्टरमा भव्यताका साथ सम्पन्न भएको थियो।



आमा समूहको सहयोग, खेलकुद तथा खाद्य सचिव हरिमान गुरुङको संयोजकत्व र अध्यक्ष शिवकुमार गुरुङको सभापतित्वमा सम्पन्न बुद्ध जयन्ती पूजा कार्यक्रम बिसीसी युकेका प्रमुख गुरु परम पुज्यनीय टल्कु जिग्मे सामतेन रिम्पोछेको प्रमुख आतिथ्यतामा भएको थियो। पूजा सञ्चालनमा अन्य लामा गुरुहरूमा लामा दावा नोर्बु, लामा स्यानु र लामा मिङमार संलग्न रहेका थिए।

प्रमुख अतिथि तथा प्रमुख गुरु टल्कु जिग्मे सामतेन रिम्पोछे तथा अन्य लामा गुरुहरूलाई कार्यक्रम स्थलमा भव्य स्वागत गरेपश्चात तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङ, संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङ, पूर्वअध्यक्ष शिवशरण गुरुङ र आमा समूहका उपाध्यक्ष मथुरादेवी गुरुङले संयुक्तरुपमा दीप प्रज्वलन गरी शुभारम्भ गरिएको थियो। बुद्ध जयन्ती तथा दोमाङ पूजा कार्यक्रममा सल्लाहकार तथा काउन्सिलर कमल गुरुङ लगायत अन्य सल्लाहकारहरू, कार्यसमितिका पदाधिकारीहरू तथा सदस्यहरू, आमा समूहका अध्यक्ष उमादेवी गुरुङ र अन्य पदाधिकारी तथा आमा दिदीबहिनीहरू लगायत लण्डन वरपरका नेपाली जेष्ठ नागरिकहरू र श्रद्धालु भक्तजनहरूको उपस्थिति थियो।



२००७ सालमा स्थापना भई २०१२ मा बेलायतको च्यारिटी कमिसनमा औपचारिक रुपमा दर्ता भएको संस्था तमु समाज युकेले स्थापना कालदेखि निरन्तर रुपमा बैशाख पूर्णिमा तथा बुद्ध जयन्तीको अवसरमा बुद्ध जयन्ती पूजा सञ्चालन गर्दै आएको छ।

विगतका वर्षहरूभैं यस वर्षको २५६७औं बुद्ध जयन्ती पूजा कार्यक्रम पनि आमा समूहको सक्रियतामा निःशुल्क प्रवेश र निःशुल्क खानपिनको व्यवस्थापन तथा क्याटरिङ पनि आमाहरू आफैले गरेका थिए। यसका निम्ति समूहका सबै आमा दिदीबहिनीहरू सक्रियताका साथ साथ मन, बचन र कर्मले कार्यक्रम आयोजनामा जुटेका थिए।

विगतमा जस्तै यस पटकको २५६७औ बुद्ध जयन्ती पूजा कार्यक्रम आयोजनाका निम्ति थुप्रै दानवीरहरूले स्वःस्फूर्त श्रद्धाभावले आर्थिक, भोजन, पेय पदार्थ र अन्य आवश्यक पूजा सामग्रीहरू प्रायोजन तथा दान सहयोग स्वरुप उपलब्ध गराएका थिए।

बिहान ८:३० बजे आरम्भ गरिएको बुद्ध जयन्ती तथा दोमाङ पूजापाठ कार्यक्रममा प्रमुख गुरु टल्कु जिग्मे सामतेन रिम्पोछेले दोमाङ पूजापाठको बारेमा उपस्थित सबैलाई संक्षिप्त जनकारी गराएका थिए। कार्यक्रमको अन्तमा उपस्थित सबै भक्तजनहरूले प्रमुख अतिथि तथा प्रमुख गुरु रिम्पोछेबाट अभिषेक तथा अन्य श्रद्धेय लामा गुरुहरूबाट



सलि ट
[सुनाखरी]



प्रसाद ग्रहण गरेपछि अपरान्ह ५ बजे कार्यक्रम समापन गरिएको थियो।

तमु समाज युकेका महासचिब धरमबल गुरुङले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष शिवकुमार गुरुङले धन्यवाद मन्तव्य राख्दै पूजा सञ्चालन गर्ने लामा गुरुहरू, कार्यक्रमलाई आर्थिक सहयोग गर्ने चन्दादाताहरू, विभिन्न परिकारका भोजन तथा पेय पदार्थको प्रायोजकहरू, आमा समूह, पूजा संयोजक हरिमान गुरुङ तथा परिवार र उपस्थित सबैलाई आभार व्यक्त गर्दै हार्दिक धन्यवाद दिएका थिए।

कार्यक्रममा महासचिव धरमबल गुरुङले नै हेल्थ एण्ड सेफ्टीबारे जानकारी दिएका थिए भने महासचिवले नै कार्यक्रमलाई विभिन्न प्रकारका सहयोग तथा दान गर्ने दाताहरूको नामावली सधन्यवाद पढेर सुनाएका थिए।

शान्ति, मोक्ष प्राप्ति र भगवान बुद्धको श्रद्धा र भक्ति भावका निम्ति आयोजना गरिएको उक्त २५६७औं बुद्ध जयन्ती तथा दोमाङ पूजापाठ कार्यक्रमको मध्यान्हमा एक कलाकार सम्मान कार्यक्रम पनि समावेस गरिएको थियो। कार्यक्रममा बेलायत भ्रमणमा रहेका चलचित्र निर्माता, निर्देशक एवं नायक प्रितम गुरुङलाई सम्मान गरिएको थियो।

तमु समाज युकेले प्रथम गुरुङ (तमु) चलचित्र 'पातें'का नायकको रुपमा कला क्षेत्रमा प्रवेश गरेका प्रितम गुरुङलाई विशेष गरेर गुरुङ





(तमु) कला क्षेत्रमा र समग्र नेपाली कला क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण योगदानको उच्च प्रशंसा तथा कदर गर्दै २५६७औं बुद्ध जयन्ती कार्यक्रमको अवसरमा तमु समाज युके विशिष्ठ समाज सेवा सम्मान पत्र प्रदान गरिएको हो ।

नायक गुरुङलाई समाजका अध्यक्ष शिवकुमार गुरुङ, संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङ र आमा समूहका अध्यक्ष उमादेवी गुरुङले फेटा खादा लगाई पुष्प गुच्छासहित सम्मान पत्र प्रदान गरिएको थियो ।

सोही अवसरमा प्रथम गुरुङ (तमु) चलचित्र 'पातें'का नायिका तथा तमु समाज युकेका पूर्वसाँस्कृतिक सचिव सरु गुरुङ रानालाई पनि पुष्प गुच्छा प्रदान गरी सम्मान गरिएको थियो ।

सम्मान ग्रहणपछि चलचित्रकर्मी तथा नायक गुरुङले बेलायतमा भव्य सम्मान गरेकोमा तमु समाज युकेप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गरेका थिए । कलाकारिताको माध्यमबाट जीवनको महत्वपूर्ण समय आफ्नो समुदायलाई दिन पाएकोमा खुशी व्यक्त गर्दै नायक गुरुङले जीवनको अनन्तकालसम्म यही क्षेत्रमै रहने प्रतिबद्धता पनि व्यक्त गरेका थिए ।

चलचित्र क्षेत्रमा ३ दशक जति निर्माता, निर्देशक र नायकको रुपमा सक्रिय प्रितम गुरुङ आफ्नो ४९औं फिल्म 'रिपा' प्रदर्शनका क्रममा बेलायत आएका थिए ।





# तमु समाज युकेको
# १६औं वार्षिक साधारण सभा २०२३ सम्पन्न

■ **शिवशरण गुरुङ**, वेम्ब्ली लन्डन




सलि ट
[सुनाखरी]

तमु समाज युकेको १६औं वार्षिक साधारण सभा शनिबार २४ जुन २०२३ का दिन तमु समाज युके नेपालीज कम्युनिटी सेन्टर बरहाम पार्क वेम्बली लण्डनमा सम्पन्न भएको छ।

तमु समाज युके छैटौं कार्य समितिका अध्यक्ष शिव कुमार गुरुङको अध्यक्षतामा बसेको उक्त वार्षिक साधारण सभा अध्यक्ष शिव कुमार गुरुङ, संस्थापक अध्यक्ष चित्र बहादुर गुरुङ र आमा समूहका अध्यक्ष उमा देवी गुरुङले संयुक्त रुपमा पानसमा दीप प्रज्वलन गरी शुभारम्भ गरिएको थियो। दीप प्रज्वलनपछि नेपाल र बेलायत दुवै देशको राष्ट्रिय धुन बजाइएको थियो। सभाको आरम्भमा समाजका दिवङ्गत सदस्यहरूको स्मृतिमा १ मिनट मौनधारण गरिएको थियो।









महासचिव धरमबल गुरुङले हेल्थ एण्ड सेफ्टीबारे जानकारी गराउँदै सञ्चालन गरेको वार्षिक साधारण सभामा उपाध्यक्ष बिन्दु घलेले स्वागत मन्तव्य, संस्थापक अध्यक्ष चित्र बहादुर गुरुङ र पूर्वअध्यक्ष शिवशरण गुरुङले शुभकामना मन्तव्य राखेका थिए। शुभकामना मन्तव्यमा दुवै वक्ताले तमु समाज युकेले विगतदेखि वर्तमानसम्म गरेका विभिन्न सामाजिक तथा परोपकारी कार्यहरूको मुक्तकण्ठले प्रशंसा गर्दै समाजका सवै सदस्यहरू तथा भूतपूर्व तथा वर्तमान सबै कार्यसमितिका पदाधिकारिहरूलाई हार्दिक बधाई, शुभकामना र धन्यवाद दिएका थिए।

साधारण सभामा महासचिवले संस्थाको वार्षिक प्रतिवेदन तथा प्रगति विवरण प्रस्तुत गरेपछि क्रमशः आमा समूहका अध्यक्षले आमा सुमूहको वार्षिक प्रतिवेदन, कोषाध्यक्ष खेम बहादुर गुरुङ र अध्यक्ष शिवकुमार गुरुङले संयुक्त रुपमा सामाजिक भवन परियोजना र संस्थाको वार्षिक आर्थिक आयव्यय प्रतिवेदन प्रस्तुत गरेका थिए।

सभामा प्रस्तुत सबै प्रतिवेदनहरू सर्वसम्मत अनुमोदन गरिएको थियो। सभामा समाजको विधान पुनर्लेखन र आगामी वर्षको योजना







र कार्यक्रमहरूको बारेमा बुँदागत रुपमा छलफल गरी महत्वपूर्ण निर्णयहरू गरेका थिए।

सौहार्द्धपूर्ण वातावरणमा सञ्चालन भएको साधारण सभामा सदस्यहरूको बोल्ने समयमा सबैले समाजको सर्वोपरि हित, उन्नति र भावी कर्यक्रमहरूका निम्ति सकारात्मक सुझावहरू दिँदै हालसम्म भइरहेका कार्यहरूमा खुशी प्रकट गर्दै छैटौं कार्यसमितिका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारिहरूलाई धन्यवाद व्यक्त गरेका थिए।

सभामा गएको एक आर्थिक वर्षमा समाजमा सम्पन्न भएका र गरेका विभिन्न उल्लेखनीय तथा महत्वपूर्ण कार्यहरूको प्रशंसा गर्दै त्यससँग सम्वन्धित विभिन्न विशेष व्यतित्वहरू उपर धन्यवाद प्रस्ताव पनि परित गरिएको थियो।

साधारण सभाको सदस्यहरूको बोल्ने क्रममा उठेका र प्रस्ताव गरेका विभिन्न विषयहरूमा पनि आवश्यक छलफल गरी निर्णयहरू गरेका थिए।

अन्तमा अध्यक्ष शिव कुमार गरुङले यस वर्ष नेपाल भ्रमणमा रहँदा समाजको तर्फबाट गरेका कार्यहरूको संक्षिप्त चर्चा, विगत एक वर्षमा समाजले गरेका उल्लेखनीय कार्यहरू र महत्वपूर्ण उपलब्धिहरूको चर्चा र भावी कार्यक्रमहरूको बारेमा पनि संक्षेपमा प्रकाश पार्दै समाजप्रति सबैको सहयोग र योगदानको निम्ति आभार प्रकटसहित धन्यवाद व्यक्त गर्दै मन्तव्य राखेर १६औं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन गरिएको थियो।

बिहान १० बजे आरम्भ भई बेलुका झन्डै १६:३० बजे समापन भएको कार्यक्रमको मध्यान्तरमा खाना र जलपानको व्यवस्था गरिएको थियो।



साधारण सभाको समापनपछि तमु समाज युकेको पूर्व सांस्कृतिक सचिव सरु गुरुङ रानाको संयोजन तथा निर्देशनमा तमु पहिरनमा सजिएर सभामा उपस्थित सबै सदस्यहरू, आमा दिदी बहिनीहरू तथा दाज्युभाइहरू तमु समाज युके स्वागत गीतको भिडियो छायाङ्कनमा सहभागी भएका थिए।

# मुप्री ल्होछारे आशिमलाँ

तमुहरूको महान पर्व
**मुप्री (गिद्ध वर्ग) २०८०** को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।



**बिरेन्द्र गुरुङ**
**तथा**
**रोजी गुरुङ**
कार्यसमिति सदस्य, तमु समाज युके

# मुप्री ल्होछारै आशिमलाँ

तमुहरूको महान पर्व **मुप्री (गिद्ध वर्ग) २०८०** को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरुमा सुस्वास्थ्य, दीर्घायू तथा उत्तरोत्तर प्रगतिको
कामनासहित हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।



**ज्ञान बहादुर गुरुङ**
**तथा पदम कुमारी गुरुङ**
पूर्व महासचिव सल्लाहकार
तमु समाज युके

सलि ट
(सुनाखरी)



■ Mr Shivakumar Gurung

# Coffee morning programme for senior citizens




Every Wednesday, senior citizens in Tamu Samaj UK gather for a coffee morning to socialise and enjoy each other's company.

The programme started in March 2023 at the Tamu Samaj UK Nepalese Community Centre in Barham Park. It runs from 10 am to 1 pm, starting with a friendly chat over tea, coffee, and biscuits. Mrs. Amrita Gurung Thapa, a senior lady, teaches communication skills in the second hour, providing practical English lessons for everyday life.

During the program's third hour, they play songs and dance together as a group.

Some of them make jokes and laugh with one another while senior citizen men make tea and coffee for everyone. They also help set up the venue and assist with playing music, reading, and writing.

This program provides them with many benefits, including improved mental well-being. The program runs smoothly with participants from Brent, Ealing, and Harrow councils. The number of people joining the program is increasing every week.

Tamu Samaj UK provides the venue, refreshments, and stationery. Additionally,



two of their life members, Mr. Ganga Bahadur Gurung from Northolt and Mr. Buddhi Bahadur Gurung from Wembley, sponsor biscuits for the weekly programme.

On behalf of the senior citizen members and as the President of Tamu Samaj UK, we extend our gratitude to Ganga and Buddhi for their continued support.

I want to extend my gratitude to the senior citizens, Life members and advisers of Tamu Samaj UK, Mr. Babu Ram Gurung, Mr. Iman Ghale, Mr. Yam Bahadur Gurung, and Mr. Guman Sing Gurung - for generously volunteering to open and close the venue for the Senior Citizen coffee morning programme.

Your support is greatly appreciated by TSUK, the senior citizens who use this programme and the local community.

Thank you.






TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को पावन अवसरमा
समस्त देश विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायू
तथा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शिवशरण गुरुङ
तथा
इश्वरीदेवी गुरुङ
पूर्व अध्यक्ष तथा
सल्लाहकार, तमु समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको महान पर्व मुप्री (गिद्ध वर्ग) २०८० को
पावन अवसरमा समस्त देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य,
दीर्घायू तथा उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खुम बहादुर गुरुङ
तथा
चन्द्र कुमारी गुरुङ
आजीवन सदस्य
तमु समाज युके


TAMU SAMAJ UK
Estd. 2007
तमु समाज युके
मुप्री ल्होछारै आशिमलाँ
तमुहरूको
महान पर्व
मुप्री (गिद्ध वर्ग) २०८० को
पावन अवसरमा समस्त
देश विदेशमा रहनुभएका
नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायू तथा
उत्तरोत्तर प्रगतिको
कामनासहित हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सरण गुरुङ
तथा दिब्या गुरुङ
आजीवन सदस्य, तमु समाज युके

सलि ट
(सुनाख्री)

## तमु समाज युके र तमु धीं युकेका पदाधिकारी एकै ठाउँमा

# तमु समाज युकेको १४औं वार्षिकोत्सव मनाए



बेलायतमा गुरुङहरूको अग्रणी र ठूला संस्थाहरू तमु समाज युके र तमु धीं युकेका पदाधिकारी पहिलोपटक एकसाथ जम्मा भई तमु समाज युकेको १४औं वार्षिकोत्सव मनाएका छन् ।

तमु समाज युकेले वेम्ब्लीमा रहेको आफ्नै भवनमा अक्टोबर २ तारिख २०२१ शनिबारका दिन आफ्नो १४औं वार्षिकोत्सव भव्य अनि सभ्य रुपमा मनाएका हुन् ।

लन्डन बरो अफ हन्स्लोका मेयर काउन्सिलर बिष्णुबहादुर गुरुङ प्रमुख अतिथि, तमु धिं युकेका अध्यक्ष हित काजी गुरुङ र क्याप्टेन रिटायर्ड एक नारायण गुरुङ बिशेष अतिथि रहेको कार्यक्रममा विभिन्न मनोरन्जनात्मक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

प्रमुख अतिथि लन्डन बरो अफ हन्स्लोका मेयर काउन्सिलर बिष्णुबहादुर गुरुङ, समाजका अध्यक्ष शिवकुमार गुरुङ र संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङले संयुक्त रुपमा पानसमा द्वीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गरिएको थियो ।

कार्यक्रमको सुरुवातमा बेलायत र नेपालको राष्ट्रिय गान बजाइएको थियो । त्यसलगतै तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङले




सलि ट
[सुनाखरी]





अतिथि लगायत उपस्थित सम्पूर्ण सदस्यहरूलाई न्यानो स्वागत र अभिवादन गर्दै तमु समाज युकेले बेलायतमा वैधानिक रुपमा दर्ता भएर क्रियाशील रहेको तमुहरूको गर्व गर्न लायक दुई संस्थाहरू एकजुट भएर तमुहरूको (गुरुङहरूको) धर्म, संस्कृति, संस्कार, भाषा तथा भेषभूषा संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताए। आजको कार्यक्रमबाट यी कार्यहरू गर्न नयाँ उर्जा मिलेको उनको भनाइ थियो।

यसैगरी, तमु धी युकेका अध्यक्ष हित काजी गुरुङले दुई संस्था बीचको आपसी सम्बन्धलाई विगत र वर्तमानलाई आत्मसाथ गर्दै आगामी दिनमा व्यवहारिक रुपमा नै एक भएर अगाडि बढ्ने, एकतामा नै बल हुने र तमु एकता आजको प्रमुख आवश्यकता रहेको बताए।

कार्यक्रममा प्रमुख अतिथि लण्डन बरो अफ हन्स्लोका मेयर काउन्सिलर बिष्णुबहादुर गुरुङले तमु समाज युके र तमु धीं युके बीचको एकतामा खुशी प्रकट गर्दै तमु समाज युकेले बेलायतमा मात्र सीमित नरही नेपालमा समेत गरेको सामाजिक कार्यहरूको मुक्तकण्ठले प्रशंसा गर्दै हन्स्लो काउन्सिलको तर्फबाट आधिकारिक रुपमा तमु समाज युकेका अध्यक्ष शिवकुमार गुरुङलाई सम्मानपत्र र व्यक्तिगत रुपमा तमु समाज युकेका संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङलाई सम्मानपत्र प्रदान गरिएको थियो।

त्यसैगरी, तमु समाज युकेले क्या.(रि.) एक नारायण गुरुङलाई तमु समाज युके बिशिष्ट समाजसेवा सम्मान प्रदान गरिएको थियो। उनलाई समाज परिवर्तनका साथै लामो समयदेखि भूतपूर्व ब्रिटिस गोर्खाहरूको हक र अधिकार संरक्षण गर्न गोर्खाहरूको इतिहासलाई अनन्तकालसम्म जीवन्त राख्नका निम्ति ब्रिटिस गोर्खा स्मारक संग्रहालय पोखरा नेपालको संस्थापक अध्यक्ष रहनुको साथै तमु छोज धी नेपालको पूर्ववरिष्ठ उपाध्यक्ष पदमा रहेर समग्र तमु जातिको कला र संस्कृतिको संरक्षणको लागि गरेको अतुलनीय योगदानको उच्च कदर गर्दै तमु समाज युकेको १४औं वार्षिकोत्सवको अवसरमा तमु समाज युके बिशिष्ट समाजसेवा सम्मान पत्र २०२१ द्वारा सम्मानित गरिएको हो।

त्यस्तै तमु समाज युकेका अध्यक्ष र आमा समूहका अध्यक्ष उमादेवी गुरुङले लन्डनको ३२ वटा काउन्सिलहरूमा पहिलो मेयरका रुपमा एउटा प्रथम नेपाली मुलका गोर्खाको छोरा बिष्णुबहादुर गुरुङलाई पाउँदा हार्दिक बधाई दिँदै परम्परागत शैलीमा फेटा, खादा र मायाको चिनो समाजको प्लेग र उनकी धर्मपत्नी सीता गुरुङलाई पछ्यौरीले सम्मान गरिएको थियो।

तमु धीं युकेका अध्यक्ष हितकाजी गुरुङलाई पनि लामो समयदेखि बेलायतमा रहेर तमु धीं एसोसिएसन युकेको संस्थापक रहनुको साथै वर्तमान कार्यसमितिको गरिमामय अध्यक्ष पदमा रहेर तमु जातिको कला र संस्कृतिको संरक्षण गर्नुका साथै समग्र तमु जातिको एकताको निम्ती सामाजिक जीवनको विभिन्न पक्षमा पुऱ्याएको अतुलनीय योगदानको उच्च कदर गर्दै तमु समाज युकेको १४औं वार्षिकोत्सवको अवसरमा तमु समाज युके विशिष्ट समाज सेवा सम्मान पत्र २०२१ द्वारा सम्मानित गरिएको थियो।

